# आर्थिक वर्ष २०७९/८० को
# बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं.१, विराटनगर

# आर्थिक वर्ष २०७९/८० को
# बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं.१, विराटनगर
२०७९, माघ

मुख्यमन्त्री एवम् आर्थिक मामिला तथा योजना मन्त्री

प्रदेश नं.१, विराटनगर, नेपाल

# मन्तव्य

प्रदेश सरकार, प्रदेश नं.१ को चालु आ. ब. ०७९/०८० को ६ महिनाको बजेट कार्यान्वयनको अवस्था, सो क्रममा देखा परेका समस्या र चुनौती तथा सुधारका क्षेत्र समेत समावेश गरी यो अर्धबार्षिक प्रतिवेदन तयार गरिएको छ।

चालु आर्थिक बर्षको अर्धबार्षिक अवधिमा आन्तरिक राजस्व तथा संघीय सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँडको रकम लक्ष्य बमोजिम प्राप्त हुन नसकेको अवस्थामा प्रदेश सरकारको सार्वजनिक वित्तमा सन्तुलन कायम राख्न चुनौतिपूर्ण रहेकोले नवगठित बर्तमान सरकारले सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न मन्त्रालयहरुको संख्या घटाईएको साथै साधारण खर्च २५ प्रतिशत सम्म कटौती गर्ने निर्णय गरिएको छ ।

बिभिन्न किसिमका प्रशासनिक खर्चहरुको कटौती गर्दै पूँजीगत खर्च परिचालनमा बिशेष जोड दिने लक्ष्य यस सरकारले लिएको छ।यस अघि दायित्व सिर्जना भएका बहुबर्षीय कार्यक्रमहरुमा रकम व्यवस्थापनमा विशेष ध्यान दिईने छ। केही कार्यान्वयन नहुने प्रकृतिका कार्यक्रमहरुको संशोधन र परिमार्जन गरी कार्यान्वयनमा रहेका र यसै बर्ष भित्र सम्पन्न हुने कार्यक्रमहरुमा स्रोत ब्यबस्थापनमा विशेष व्यवस्थाकोलागि कार्यहरु अघि बढाउनु पर्ने देखिन्छ।सार्वजनिक खर्च प्रणालीलाई ब्यबस्थित गरी आर्थिक अनुशासन कायम गर्न सार्बजनिक खर्च सम्बन्धी मापदण्डलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईने छ। लक्ष्य बमोजिम राजस्व संकलन गर्न कठिन स्थिती रहेको सन्दर्भमा राजस्वका नयाँ क्षेत्रहरुको पहिचान, चुहावट नियन्त्रण तथा पारदर्शिता कायम गर्न जोड दिईनेछ ।

बार्षिक बजेट बिनियोजन गर्दा अनगिन्ती कार्यक्रमहरु समावेश गर्ने, बहुबर्षीय तथा क्रमागत आयोजनाहरुमा पर्याप्त बजेट बिनियोजन नगरी नयाँ आयोजनाहरु राख्ने, पछि श्रोत सुनिश्चितता खोज्ने, स्वीकृत बिनियोजनको रकम भन्दा बढी रकमको श्रोत सुनिश्चितता नलिई खरिद प्रकृया अगाडि बढाउने र आर्थिक बर्षको बिचमा थप बजेट माग गर्ने साथै बार्षिक कार्यक्रममा परेका कतिपय कार्यक्रमहरु आर्थिक बर्षको बिचमा संशोधन गरिने बिद्यमान परिपाटीको अन्त्य गरि आगामी दिनमा बजेट अनुशासन कायम राख्न बर्तमान सरकारले जोड दिनेछ ।

प्रस्तुत प्रतिवेदनको लागि तथ्याङ्क उपलब्ध गराउनु हुने सबै सरोकारवाला निकायहरु र प्रतिवेदन तयारी गर्ने यस मन्त्रालयका सबै कर्मचारी प्रति हार्दिक आभार ब्यक्त गर्दै धन्यबाद दिन चाहन्छु।

हिक्मतकुमार कार्की

प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं.१, विराटनगर, मोरङ

## मन्तव्य

प्रदेश सरकारको आ.व. २०७९/८० को अर्धवार्षिक समीक्षा प्रतिवेदन विविध आर्थिक तथा सामाजिक परिसूचक, राजश्व परिचालनको अवस्था, सार्वजनिक खर्चको अवस्था जस्ता सूचकहरु समावेश गरी तयार गरिएको छ । कोभिड १९ को प्रभाव क्रमशः कम हुँदै गएता पनि आंशिक असर भने कायमै रहेको अवस्था र यसै अवधिमा प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचन परेका कारण वार्षिक कार्यक्रमको कार्यान्वयन अपेक्षित गतिमा हुन नसकेको वास्तविकता पनि हाम्रो सामु रहेको छ।

प्रस्तुत प्रतिवेदनमा चालु आर्थिक वर्षमा विनियोजित बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्था तथा त्यसबाट प्राप्त उपलब्धिहरुको बारेमा संक्षिप्त चर्चा गरिएको छ । विगत वर्षहरुबाट नै न्यून वित्तका कारण बजेटमाथि श्रोतको चाप परेको यथार्थतालाई मध्यनजर गरी उक्त चाप व्यवस्थापनका लागि अवलम्वन गरिएका खर्च व्यवस्थापनका उपायले समग्र बजेट प्रणालीको व्यवस्थापनमा सकारात्मक सहयोग प्राप्त भएको छ। बहुवर्षीय आयोजनाहरुको सिर्जित दायित्व भुक्तानी प्रदेश सरकारको प्रमुख प्राथमिकतामा रहेको छ। बहुवर्षीय आयोजनाहरुमा भइरहेको प्रगतिले क्रमशः प्रदेश सरकारको उपादेयता अभिवृद्धि गरेको छ। आर्थिक वर्षको पहिलो छ महिनाको प्रगति विवरणलाई विश्लेषण गर्दा अन्य प्रदेशको तुलनामा बजेट खर्चमा सन्तोषजनक प्रगति भएको छ।बजेट कार्यान्वयन कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको प्रयत्नबाट आर्थिक वर्षको अन्त्यसम्ममा बजेटले लिएका लक्ष्य एवम उद्देश्य पूरा हुने विश्वास लिएको छु।आर्थिक वर्षको बाकी अवधिमा बजेट कार्यान्वयन क्षमता सुदृढ बनाउँदै सार्वजनिक खर्चको दक्षतापूर्ण परिचालन गरी उत्पादकत्व बढाउन थप प्रयास गर्नुपर्ने आवश्यकता देखिएको छ।

अन्त्यमा, प्रदेश सरकारका बारेमा अद्यावधिक जानकारी राख्न चाहने सबैको लागि यो प्रतिवेदन उपयोगी हुने विश्वास लिएको छु। यो प्रतिवेदन तयार गर्न आवश्यक सूचना एवम् तथ्यांक उपलब्ध गराई सहयोग गर्ने सबै विषयगत मन्त्रालय र निकायहरु तथा यस मन्त्रालयका संलग्न सम्पूर्ण कर्मचारी साथीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

.........................

शिवकुमार कार्की

प्रदेश सचिव

# विषय सूची


**कार्यकारी सारांश......१**

**परिच्छेद - एक : प्रदेशको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति ...... ४**

**परिच्छेद - दुई : बजेट खर्च र स्रोत परिचालनको विश्लेषण......५**

२.१ समष्टिगत खर्च स्थितिको विश्लेषण...... ५

२.१.१ मन्त्रालयगत खर्च स्थिति...... ५

२.१.२ स्रोतगत खर्च विश्लेषण ...... ७

२.२ राजस्व परिचालन तथा अनुदान प्राप्ति ...... ७

२.२.१ राजस्व संकलन तथा अनुदान प्राप्तिको अवस्था...... ७

२.२.२ आन्तरिक आय तर्फ प्राप्तिको शीर्षकगत विवरण ...... ८

२.२.४ समीक्षा अवधिमा राजस्व प्रणाली सुधारमा भएका प्रमुख कार्यहरु...... ९

२.२.५ राजस्व संकलनमा देखा परेका चुनौती...... ९

२.२.६ चालु आर्थिक वर्षको आयको संशोधित अनुमान ......१०

२.२.७ संशोधित अनुमानका आधारहरु......१०

**परिच्छेद – तीन स्थानीय तहमा वित्तीय हस्तान्तरण तथा खर्चको स्थिति...... ११**

३.१ स्थानीय तहलाई वित्तीय हस्तान्तरण ......११

३.२ सवारी साधन कर बाँडफाँट......११

**परिच्छेद – चार......१२**

**खर्चको संशोधित अनुमान र पुनः प्राथमिकीकरण......१२**

४.१ समष्टिगत खर्च एवं स्रोतको संशोधित अनुमान......१२

४.१.१ खर्चको संशोधित अनुमान......१२

४.१.२ खर्चको संशोधित अनुमानको आधार ......१२

४.२ खर्चको प्राथमिकीकरण......१२

४.२.१ चालु खर्च......१२

४.२.२ पूँजीगत खर्च......१३

**परिच्छेद – पाँच ......१४**

**बजेट प्रणाली तथा सार्वजनिक वित्त व्यवस्थापनमा भएका सुधारका प्रयास......१४**

५.१ आर्थिक वर्ष २०७९/८० को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन...... १४

५.२ अख्तियारी तथा कार्यक्रम स्वीकृति...... १४

५.३ समीक्षा अवधिमा गरिएका प्रयास ......१५

५.४ प्रथम त्रैमासिक प्रगति समीक्षा......१५

५.५ आन्तरिक लेखा परीक्षण र सोको प्रतिवेदन प्रकाशन......१६

**परिच्छेद – छ ......१७**

**क्षेत्रगत र मन्त्रालयगत उपलब्धि विश्लेषण......१७**

६.१ आर्थिक र वित्तीय क्षेत्र ....................................................................................................१७

६.१.१ आर्थिक मामिला तथा योजना ...........................................................................................१७

६.१.२ कृषि तथा पशुपंछी विकास .............................................................................................१७

६.१.३ पर्यटन विकास तथा संस्कृति प्रवर्द्धन...................................................................................२१

६.१.४ उद्योग, श्रम तथा रोजगार ...............................................................................................२१

६.१.५ वन तथा वातावरण संरक्षण ............................................................................................२२

वन तथा वातावरण संरक्षण क्षेत्रमा प्रदेश सरकार अन्तरगतका निकायहरुबाट समीक्षा अवधिको प्रगति विवरण देहायअनुसार रहेको छ। ..............................................................................................................२२

६.१.६ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण ........................................................................२२

६.२ भौतिक पूर्वाधार ...............................................................................................................२३

६.२.१ सडक तथा पुल निर्माण ..................................................................................................२३

६.२.२ शहरी विकास तथा भवन .................................................................................................२३

६.२.३ खानेपानी तथा सरसफाई..................................................................................................२३

६.२.४ सिंचाई तथा नदी नियन्त्रण..............................................................................................२४

६.२.५ उर्जा..............................................................................................................................२५

६.३ सामाजिक विकास .............................................................................................................२५

६.३.१ महिला, बालबालिक, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति...........................................२५

६.३.२ शिक्षा.............................................................................................................................२५

६.३.३ युवा तथा खेलकुद ..........................................................................................................२६

६.४ स्वास्थ्य तथा जनसंख्या.....................................................................................................२६

६.५ शासकीय सुधार, सार्वजनिक सेवा प्रवाह र सुशासन ...................................................................२८

६.५.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय..............................................................................२८

६.५.२ प्रदेश सभा सचिवालय .....................................................................................................२८

६.५.३ आन्तरिक मामिला तथा कानून...........................................................................................२९

६.५.४ विपद् व्यवस्थापन...........................................................................................................३०

६.५.५ यातायात व्यवस्था ..........................................................................................................३०

६.५.६ सूचना तथा सञ्चार तर्फ....................................................................................................३१

६.५.७ प्रदेश लोक सेवा आयोग ...................................................................................................३१

६.५.९ मुख्यन्यायाधिवक्ताको कार्यालय ..........................................................................................३१

**परिच्छेद सात** ............................................................................................................................**३२**

**बहुवर्षीय आयोजनाको बाँकी दायित्व सम्बन्धी विवरण**..............................................................................**३२**

**परिच्छेद- आठ**..........................................................................................................................**३३**

**बजेट कार्यान्वयनमा देखा परेका समस्या एवम् चुनौतीहरु**.............................................................................**३३**

**परिच्छेद – नौ** ...........................................................................................................................**३५**

**बजेट कार्यान्वयन प्रभावकारी बनाउनका लागि गर्नुपर्ने कार्य ...... ३५**

९.१ बजेट तर्जुमा तथा कार्यान्वयन...... ३५

९.२ स्रोत व्यवस्थापन ...... ३६

९.३ वित्तीय उत्तरदायित्व र जवाफदेहिताको परिपालना...... ३७

९.४ सार्वजनिक सेवा प्रवाह प्रभावकारी बनाउनः ...... ३७

९.५ सूचना प्रविधिको उपयोग, विकास ...... ३८

# कार्यकारी सारांश

## प्रदेशको वस्तुस्थिति

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार प्रदेश नं.१ को कुल जनसंख्या ४९,७२,०२१ रहेको मध्ये २४,२५,२६६ पुरुष तथा २५,४६,७५५ महिला रहेका छन। यस प्रदेशको १५.५८% जनसंख्या विदेशमा रहेको छन्। यस प्रदेशमा परिवार संख्या १२,०३,९३० रहेको तथा जनघनत्व १९२ प्रति वर्ग कि.मि. रहेको छ। त्यसैगरी शहरी क्षेत्रमा ६२.३२% जनसंख्या तथा ग्रामीण क्षेत्रमा ३७.६८% जनसंख्या बसोबास गरेको पाइन्छ।

नेपालमा उद्योग क्षेत्रमा भएको कुल लगानीको २० प्रतिशत प्रदेश नं. १ मा रहेको छ। मुलुकभरी रहेका उद्योगहरुमध्ये ९.४ प्रतिशत उद्योगहरु प्रदेश नं. १ मा रहेका छन्। कुल रोजगारीको १३ प्रतिशत रोजगारी प्रदेश नं. १ मा रहेका उद्योगहरुको योगदान रहेको छ। कम्पनि रजिष्टारको कार्यालयमा दर्ता भएका प्रा.लि.हरु मध्ये ७.३ प्रतिशत र विदेशी लगानीका १२८ वटा उद्योगहरु प्रदेश नं. १ मा रहेका छन्।

भू-स्रोत व्यवस्थापन हिसाबले खेतीका लागि उपयुक्त जमिन तराई र भित्री मधेसमा समेत १७.१६ प्रतिशत छ। यस प्रदेशमा वनको क्षेत्रफल ४८.७० प्रतिशत रहेको छ। पहाडमा भिरालो र गरा बनाएर मात्र खेती हुने जमिन २४ प्रतिशत, घाँसपात निम्ति २४ प्रतिशत, र वन्यजन्तु, संरक्षण र पर्यटनका निम्ति उपयुक्त जमिन १५ प्रतिशत रहेको छ। प्रदेश नं.१ को झन्डै २० प्रतिशत जमिन अति भिरालो वा चट्टान वा बरफले ढाकेको छ।

जल र ऊर्जामा यस प्रदेशमा प्रशस्त सम्भावना रहेको छ। १७ स-साना आयोजनाबाट हाल २८० मेगावाट विद्युत् उत्पादन भइरहेको छ, जुन नेपालको समग्र उत्पादनको २०.२० प्रतिशत हो। शिलान्यास भएको अरुण-३ को निर्माण पश्चात् यो प्रदेश जलविद्युत उत्पादनका दृष्टिले सम्भावनायुक्त प्रदेश रहेको छ।

प्रदेशको कुल भू-भागको २३ प्रतिशत कृषि क्षेत्र पर्दछ। ३८.६ प्रतिशत कृषि भूमिमा सिँचाइ सुविधा पुगेको छ, जसको अधिकांश भूभाग (८७ प्रतिशत) तराईका तीन जिल्ला झापा, मोरङ र सुनसरीमा पर्दछ। धान, मकै, कोदो, फापर, गहुँ, जौ लगायतका खाद्यान्न उत्पादनका दृष्टिले यो प्रदेश आत्मनिर्भर मात्र होइन अन्य प्रदेश र छिमेकमा समेत निर्यात हुने तथ्याङ्क रहेको छ।

यो प्रदेशमा १२,७८९ कि.मि. पूर्व-पश्चिम र उत्तर दक्षिण रणनीतिक सडक छन् जुन नेपालको २०.११ प्रतिशत सडक हो र जसमध्ये ६,२७४ कि.मि. प्रादेशिक सडक र ६,५०८ कि.मि.स्थानीय सडकमा पर्दछन्। प्रदेश नं.१ मा विमानस्थल संख्या १५ वटा रहेकोमा ११ वटा नियमित सञ्चालनमा रहेका छन्।

## बजेट खर्च र स्रोत परिचालनको विश्लेषण

चालु आर्थिक वर्ष २०७९/८० को पहिलो ६ महिनामा प्रदेशको कुल विनियोजनको २४.९ प्रतिशत रकम खर्च भएको छ। गत आर्थिक वर्ष यस्तो खर्च २६.३ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षको अर्ध वार्षिक अवधिमा चालु, पूँजीगत तथा स्थानीय तह अनुदानतर्फ क्रमशः ३१.१०, १९.३० र ३८.८ गरी समग्र बजेटको २४.९ प्रतिशत खर्च भएको छ, जुन गत आर्थिक वर्षकै हाराहारीमा रहेको छ । गत आ.व.को बचत संघ अनुदान फिर्ता खर्च यस आ.व.मा गरिएको कारण चालु आर्थिक वर्षको अर्धवार्षिक खर्च प्रगति बढी भएको छ। अर्धवार्षिक अवधिमा अधिकांश कार्यक्रमको कार्यान्वयन प्रक्रिया अगाडि बढाई सकिएको छ। प्रदेशका बहुवर्षीय आयोजनाहरुको कार्य प्रगति तथा खर्च सन्तोषजनक रहेको छ। संघबाट हस्तान्तरित सशर्त अनुदान,

समपूरक अनुदान र विशेष अनुदान स्रोतको उपयोग क्रमशः १४.८२, ३३.९० र ६.३७ प्रतिशत रहेको छ जुन प्रादेशिक स्रोतको तुलनामा न्यून हो ।

चालु आर्थिक वर्ष २०७९/८० को पहिलो ६ महिनामा प्रदेशको स्रोत परिचालनतर्फ गत आर्थिक वर्षको अर्धवार्षिक अवधिको तुलनामा चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिमा न्यून भई जम्मा रु. ९ अर्ब ४७ करोड ४२ लाख मात्र प्राप्ति भएको छ। संघीय सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँडको रकम लक्ष्य अनुसार प्राप्त नभएको तथा अनुदानतर्फको रकम समेत समयमा प्राप्त नभएको र आन्तरिक आय समेत लक्ष्य बमोजिम संकलन हुन नसक्दा न्यून देखिएको हो ।

आन्तरिक आयतर्फ समीक्षा अवधिमा रु.१ अर्ब ६३ करोड ५३ लाख अर्थात वार्षिक लक्ष्यको तुलनामा ३२.८० प्रतिशत प्राप्ति भएको छ । घरजग्गा रजिष्ट्रेशन शुल्क संकलनमा गत वर्षको तुलनामा उल्लेखनीय कमी देखिएको छ जस्को प्रमुख कारणमा संघीय भू-उपयोग नीतिको कार्यान्वयन र वित्तीय क्षेत्रमा आएका शिथिलताका कारण घरजग्गा रजिष्ट्रेशन शुल्कमा कमी आएको छ।

### क्षेत्रगत र मन्त्रालयगत उपलब्धि विश्लेषण

विषयगत मन्त्रालयहरुको वार्षिक बजेट कार्यान्वयन कार्ययोजना बमोजिम गर्नुपर्ने कार्यहरु, संघीय अनुदानबाट सञ्चालित आयोजना वा कार्यक्रमहरुको नियमित सञ्चालनमा रहेका छन् । संघ सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानमा सञ्चालित आयोजना वा कार्यक्रमहरुको कार्यलाई उच्च प्राथमिकतामा राखी ती अनुदानको खर्चमा वृद्धि गर्नुपर्ने भएको छ।

### बजेट प्रणाली तथा सार्वजनिक वित्त व्यवस्थापनमा भएका सुधारका प्रयास

बजेट कार्यान्वयन कार्ययोजना अनुसार कार्यसम्पादन सम्झौता गरी निर्धारित समयमै कार्य सम्पन्न गर्ने प्रयास गरिएको छ। समय समयमा प्रगति समीक्षा एवम् परिपत्र गरी बजेट कार्यान्वयनलाई थप प्रभावकारी बनाउन, प्रशासनिक खर्चलाई मितव्ययिता कायम गर्न पहल गरिएको छ। प्रदेश सरकार अन्तर्गतका सबै निकायहरुमा क्रियाकलापमा आधारित सरकारी लेखाप्रणाली (CGAS+), सरकारी सम्पत्ति तथा दायित्व लेखांकन र प्रतिवेदन गर्ने सूचना प्रणाली (PAMS) प्रयोगमा ल्याइएको छ । सबै स्थानीय तहहरुलाई प्रदेशबाट हस्तान्तरण हुने आयोजना वा कार्यक्रम र बजेट हेर्ने प्रयोजनको लागि PLMBIS (Provincial Line Ministry Budget Information System) प्रयोगकर्ता निर्माण गरी उपलब्ध गराइएको छ ।

### खर्चको संशोधित अनुमान

चालु आर्थिक वर्षमा रु.३२ अर्ब ७० करोड ५८ लाख खर्च हुने संशोधित अनुमान गरिएको छ । संघ सशर्त अनुदानमा बजेट घटेको साथै आन्तरिक राजस्वको स्रोत र राजस्व बाँडफाँटको रकम समेत लक्ष्य अनुसार संकलन हुने सम्भावना नरहेकोले सोही अनुसार खर्चको अनुमान संशोधन गरिएको छ ।

### स्थानीय तहमा वित्तीय हस्तान्तरण तथा खर्चको स्थिति

प्रदेश भित्रका स्थानीय तहलाई वित्तीय समानीकरण, सशर्त र समपूरक अनुदानको पहिलो र दोस्रो किस्ता वापत समीक्षा अवधिमा रु.१ अर्ब ३८ करोड ९७ लाख रकम सम्बन्धित स्थानीय तहको सञ्चितकोषमा दाखिला हुने गरी निकासा गरिएको छ।

**बजेट कार्यान्वयन र स्रोत व्यवस्थापनका लागि गर्नुपर्ने कार्य**

आवधिक योजना अनुरुप मध्यकालीन खर्च संरचनाको प्रयोगलाई प्रभाकारी बनाउने, आवश्यकता, औचित्य, क्षेत्रीय र भौगोलिक सन्तुलन, प्राथमिकीकरणको आधारमा व्यवस्थित आयोजना छनौट प्रणाली, आयोजना बैंकको स्थापना गर्नुपर्ने, स्रोत सुनिश्चितता गरिएका बहुवर्षीय आयोजनाहरुलाई भुक्तानीमा स्रोत व्यवस्थापन गर्नुपर्ने, सरकारी सेवाको लागत विश्लेषण र खर्च प्रवाहको मापदण्ड बनाई लागू गर्नुपर्ने आदि तत्काल गर्नुपर्ने महत्वपूर्ण कार्यहरु रहेका छन् भने स्रोत व्यवस्थापनतर्फ आन्तरिक आयको थप क्षेत्र पहिचान गरी आय स्रोत बढाउन पहल गर्ने, संविधानमा भएको व्यवस्था र साझा अधिकार सूचिमा रहेका राजस्वका विषयमा स्पष्टता गर्ने, प्रदेशको स्रोत र दायित्व श्रृजनाको विश्लेषण गरी बहुवर्षीय आयोजनाको उचित व्यवस्थापन गर्न आवश्यक रहेको छ।

# परिच्छेद - एक
# प्रदेशको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

नेपालको राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन (GDP) ४८ खरव ५१ अरब रहेकोमा प्रदेश नं.१ को योगदान १५.७ प्रतिशत रहेको छ।जस अनुसार यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन (GDP) ७ खरब ६२ अरब हुन आउँदछ । प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३४.३, उद्योग क्षेत्रको १७ प्रतिशत र सेवा क्षेत्रको ४८.७० प्रतिशत योगदान रहेको छ ।प्रदेशको आर्थिक बृद्धिदर ५.४१ प्रतिशत, प्रति ब्यक्ती आय १२६७ अमेरिकी डलर र मुद्रा स्फिती दर ६.०९ प्रतिशत रहेको छ ।त्यस्तै प्रदेशको बहुआयामिक गरिवीको जनसंख्या १५.९० प्रतिशत र बेरोजगार दर ७.३० प्रतिशत रहेको छ ।

प्रदेशको मूल आयको श्रोतको रुपमा संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण, सशर्त, समपुरक र बिशेष अनुदान रहेको छ ।जस्को प्रदेशको बजेटमा ४८ प्रतिशत हिस्सा रहेको छ । त्यस्तै अर्को प्रमुख श्रोतको रुपमा संघबाट बाँडफाँड भै प्राप्त हुने मुल्य अभिवृद्धि कर अन्त शुल्क र रोयल्टी रहेको छ । जस्को कुल प्रदेशको बजेटमा ३० प्रतिशत हिस्सा रहेको छ ।आन्तरिक आयतर्फ प्रदेशको बजेटमा आन्तरिक राजस्व, निकाशा फिर्ता, अनुदान फिर्ता, बेरुजु समेत कुल बजेटमा १३ प्रतिशत मात्र हिस्सा रहेको छ ।

प्रदेशको आन्तरिक राजस्वको मूल श्रोतको रुपमा यातायात कार्यालयबाट बाँडफाड भै प्राप्त हुने सवारी साधन कर र यातायात क्षेत्रको अन्य आय समेतको हिस्सा ४६ प्रतिशत रहेको छ भने अर्को प्रमुख श्रोतको रुपमा मालपोत कार्यालयहरुबाट बाँडफाँड भै प्राप्त हुने घर जग्गा रजिष्ट्रेशन कर रहेको छ । जस्को हिस्सा ४० प्रतिशत हुन आउँदछ । अन्य श्रोतको रुपमा प्राकृतिक श्रोतको बिक्रीबाट प्राप्त हुने आय, व्यवसाय रजिष्ट्रेशन दस्तुर तथा अन्य प्रशासनिक दस्तुर दण्ड जरिवाना समेतको हिस्सा १४ प्रतिशत रहेको छ ।

प्रदेशको कुल बजेटमा चालु खर्च ३३ प्रतिशत, पुँजिगत खर्च ५४ प्रतिशत, स्थानिय तह अनुदान ८ प्रतिशत र संघ अनुदान फिर्ताको हिस्सा ५ प्रतिशत रहेको छ ।

# परिच्छेद - दुई
# बजेट खर्च र स्रोत परिचालनको विश्लेषण

## २.१ समष्टिगत खर्च स्थितिको विश्लेषण

चालु आर्थिक वर्ष २०७९/८० का लागि प्रदेश नं.१ को विनियोजित बजेट रु.३९ अर्ब ७३ करोड ८३ लाख मध्ये अर्धवार्षिक अवधिमा रु.९ अर्ब ८८ करोड ८४ लाख खर्च भएको छ। यो खर्च कुल विनियोजनको तुलनामा २४.९ प्रतिशत हो। गत आर्थिक वर्ष २०७८/७९ को यसै अवधिमा जम्मा रु.८ अर्ब ६१ करोड ८० लाख अर्थात् विनियोजनको २६.३ प्रतिशत खर्च भएको थियो। गत आर्थिक वर्षको अर्धवार्षिक अवधिमा चालु तथा पूँजीगत तर्फ क्रमशः ३०.३ र २०.८ प्रतिशत खर्च भएकोमा चालु आर्थिक वर्षमा चालु तथा पूँजीगत तर्फ क्रमशः ३१.१ र १९.३ प्रतिशत बजेट खर्च भएको छ। विनियोजनको अनुपातमा खर्च प्रतिशत निकाल्दा गत वर्षको तुलनामा चालु वर्षको अर्धवार्षिक खर्च अनुपात कमी देखिएतापनि रकमको हिसाबले हेर्दा गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिको खर्च रु.१ अर्ब २७ करोड ४ लाख **अर्थात् १४.७ प्रतिशतले वृद्धि** भएको छ। बजेट तथा कार्यक्रम कार्यान्वयनलाई आर्थिक वर्षको शुरु महिना देखिनै प्रक्रिया अगाडि बढाउन जोड दिइएको, बहुवर्षीय आयोजनाको सिर्जित दायित्व भुक्तानी र संघ अनुदान फिर्ता खर्च समेतले गर्दा चालु आर्थिक वर्षको अर्धवार्षिक खर्च प्रगति गत आर्थिक वर्षको सोही अवधिको तुलनामा वृद्धि भएको छ। आर्थिक वर्ष २०७९/८० पौष मसान्तसम्मको खर्चको तुलनात्मक विवरण तालिका-१ मा प्रस्तुत गरिएको छ।

*तालिका १ - चालु आर्थिक वर्ष २०७९/८० पौष मसान्तसम्मको खर्चको तुलनात्मक विवरण*

(रकम रु. लाखमा)

| बजेट | आ.व.२०७८/७९ | | | आ.व. २०७९/८० | | |
|---|---|---|---|---|---|---|
| | वार्षिक विनियोजन | अर्धबार्षिक खर्च | प्रतिशत | वार्षिक विनियोजन | अर्धबार्षिक खर्च | प्रतिशत |
| चालु खर्च | १४,३३,१८ | ४,३४,७२ | ३०.३% | १३०९१९ | ४०६७१ | ३१.१% |
| पूँजीगत खर्च | १५,२५,९९ | ३,१८,९२ | २०.८% | २२९९९४ | ४४३१६ | १९.३% |
| स्थानीय तह अनुदान | ३,२२,४२ | १,०८,१६ | ३३.५% | ३६४७० | १३८९७ | ३८.८% |
| **जम्मा खर्च** | ***३२,८१,५९** | **८,६१,८०** | **२६.३%** | **३९,७३,८३** | **९,८८,८४** | **२४.९%** |

*(आ.व.२०७९/८० को पौषसम्ममा वार्षिक विनियोजनमा संघबाट सशर्त अनुदान तर्फ रु.२ अर्ब १६ करोड ६७ लाख संघीय सरकारले फिर्ता गरेको समेत समावेश भएको )*

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय*

### २.१.१ मन्त्रालयगत खर्च स्थिति

प्रदेशका सबै मन्त्रालय/निकायको वार्षिक विनियोजन र अर्ध वार्षिक खर्चको विवरण तालिका-२ मा प्रस्तुत गरिएको छ ।

*तालिका -२ पौष मसान्तसम्मको मन्त्रालयगत खर्चको तुलनात्मक विवरण*

(रकम रु. लाखमा)

| मन्त्रालय/निकाय | आ.व.२०७८/७९ | | | आ.व.२०७९/८० | | |
|---|---|---|---|---|---|---|
| | बजेट विनियोजन | पौष सम्मको खर्च | प्रतिशत | बजेट विनियोजन | पौष सम्मको खर्च | प्रतिशत |
| प्रदेश व्यवस्थापिका | २२२० | ९११ | ४१ | २४८८.३५ | ५७८.५४ | २३ |
| प्रदेश लोक सेवा आयोग | ९८८ | २५९ | २६ | ९००.०० | २६९.२१ | ३० |
| मुख्य न्यायाधिवक्ताको कार्यालय | १६६ | ५६ | ३४ | १९५.०० | ४४.२६ | २३ |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १०२३३ | १६७४ | १६ | ७८४८.०८ | १०५०.४५ | १३ |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | २२६८७ | १९३८४ | ८५ | १६९०८.३६ | १५११८.८६ | ८९ |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २८७९६ | ५९४२ | २१ | - | - | - |
| उद्योग, श्रम तथा रोजगार मन्त्रालय | - | - | - | ४६९२.५४ | १०७३.६३ | २३ |
| वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय | - | - | - | १८२३०.५४ | ५०७१.०६ | २८ |
| पर्यटन तथा संस्कृति मन्त्रालय | - | - | - | १११७६.५० | १४०२.४४ | १३ |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २६३९६ | २६९१ | १० | - | - | - |
| कृषि मन्त्रालय | - | - | - | २२६०८.५० | ३०९०.९९ | १४ |
| भूमिव्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय | - | - | - | २५६०.९९ | ३०४.२७ | १२ |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | ६०२८ | ६२७ | १० | ६७३७.०३ | ५२६.४३ | ८ |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | १२९१५५ | ३०४०० | २४ | - | - | - |
| सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | - | - | - | १४००७०.७१ | २८९१८.०० | २१ |
| खानेपानी सिंचाई तथा उर्जा मन्त्रालय | - | - | - | ६३०८६.०७ | १४२९४.६२ | २३ |
| यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय | - | - | - | ३०५०.०० | ९५६.३० | ३१ |
| सामाजिक विकास मन्त्रालय | ५१३१२ | १३३४३ | २६ | १७४३३.०४ | ३३९९.९२ | २० |
| स्वास्थ्य मन्त्रालय | - | - | - | ३५६०९.०७ | ८७७०.५५ | २५ |
| प्रदेश योजना आयोग | ३९१ | ७७ | २० | ५०६.८८ | ११७.२३ | २३ |
| अर्थ - विविध | १७५४३ | - | - | ६८११.३२ | - | - |
| स्थानीय तह | ३२२४२ | १०८१६ | ३४ | ३६४७०.०१ | १३८९७.१४ | ३८ |
| **जम्मा** | **३२८१५९** | **८६१८०** | **२६.३** | **३९७३८३.००** | **९८८८३.९०** | **२४.९** |

*स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय*

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७८ मिति २०७८/१०/१६ मा स्वीकृत भएपछि कायम भएका मन्त्रालयहरुको विवरण अनुसार चालु आ.व.को अर्धवार्षिक प्रगति विवरण तयार गरिएको छ। गत आ.व.को अर्धवार्षिक अवधिमा साविकका मन्त्रालयहरुको प्रगति विवरण अनुसार तुलनात्मक रुपमा माथिको तालिकामा विवरण प्रस्तुत गरिएको छ। आर्थिक वर्ष २०७९/८० को अर्धवार्षिक अवधिमा खर्चको विवरण अनुसार जम्मा विनियोजन मध्ये आर्थिक मामिला तथा योजना मन्त्रालयको खर्च बढी देखिनुमा गत वर्षको बचत संघ अनुदान फिर्ता खर्चले गर्दा हो। बजेट कार्यान्वयनको पहिलो चौमासिकमा संघबाट प्राप्त आयोजनाहरु संघीय कार्यालयमार्फत कार्यान्वयन गर्ने गरी फिर्ता भएकोले, निर्वाचनको काम समेतमा जनशक्ति परिचालन गर्नुपरेकोले पनि गतवर्षको तुलनामा खर्चको अनुपात कमी देखिएको हो। पहिलो अर्धवार्षिक अवधिमा अधिकांश आयोजना/कार्यक्रमहरुको खरिद प्रक्रिया सम्पन्न गरी कार्यअगाडी बढाइएको हुँदा खर्चको दायित्व सृजना भएतापनि सुरु अवस्थामा सबै रकम भुक्तानी नहुने भएकोले खर्च कमी देखिएको हो। निर्माणाधीन कार्यको

केही रकम भुक्तानी पहिलो तथा दोस्रो चौमासिकमा हुने र अधिकांश भुक्तानी तेस्रो चौमासिकमा हुने भएकोले, नगदमा आधारित लेखा प्रणाली अनुसार खर्च जनाइसकेपछि मात्र वित्तीय प्रगति देखिने हुँदा आगामी दिनमा प्रगति बढ्दै जाने अनुमान गरिएको छ।

### २.१.२ स्रोतगत खर्च विश्लेषण

चालु आर्थिक वर्षको स्रोतगत खर्चको विवरण तालिका-३ मा प्रस्तुत गरिएको छ ।

*तालिका ३ - चालु आर्थिक वर्ष २०७९/८० को अर्ध वार्षिक अवधिको स्रोतगत खर्चको विवरण*

(रकम रु. लाखमा)

| खर्च व्यहोर्ने स्रोत | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|
| प्रदेश सरकार | २०३८२४ | ६००१४.१४ | २९.४४ |
| वित्तीय समानीकरण अनुदान | ९००८२ | २२५५९.५७ | २५.०४ |
| विशेष अनुदान | ४७५० | ३०१.१७ | ६.३४ |
| समपूरक अनुदान | ९२०० | ३११८.६५ | ३३.९० |
| सशर्त अनुदान | ८६९५९ | १२८९०.३८ | १४.८२ |
| वैदेशिक अनुदान (सोझै भुक्तानी) | २५६८ | ०.०० | ०.०० |
| **जम्मा** | **३९७३८३** | **९८८८३.९०** | **२४.८८** |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय*

चालु आर्थिक वर्षको समीक्षा अवधिमा प्रदेश सरकार स्रोत तर्फको विनियोजन मध्ये रु.६ अर्ब १४ लाख अर्थात २९.४४ प्रतिशत खर्च भएको छ। संघ सरकारबाट प्राप्त समपूरक अनुदान, बिशेष अनुदान र सशर्त अनुदानको बजेटमा क्रमशः ३३.९०%, ६.३४% र १४.८२% प्रतिशत खर्च भएको छ । यो प्रगति प्रतिशत औषतमा प्रदेश सरकार स्रोतको उपयोग भन्दा कम रहेकाले सर्त सहित आयोजना/कार्यक्रम तोकिएर आउने र खर्च नभए फिर्ता गर्नुपर्ने संघ समपूरक, बिशेष र सशर्त अनुदानको अधिकतम उपयोग गर्न यी अनुदानबाट सञ्चालित आयोजना वा कार्यक्रमलाई प्राथमिकताकासाथ कार्यान्वयनमा लैजान आवश्यक रहेको छ । समीक्षा अवधिमा वित्तीय समानीकरण अनुदान स्रोतको २५.०४% खर्च भएको छ ।

## २.२ राजस्व परिचालन तथा अनुदान प्राप्ति

### २.२.१ राजस्व संकलन तथा अनुदान प्राप्तिको अवस्था

गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको समीक्षा अवधिको स्रोत परिचालनको विवरण तालिका ४ मा समावेश गरिएको छ ।

*तालिका ४- पौष मसान्तसम्मको स्रोत परिचालनको तुलनात्मक विवरण (RMIS अनुसार)*

(रकम रु. लाखमा)

| स्रोत | आ.व. २०७८/७९ | | | आ.व. २०७९/८० | | |
|---|---|---|---|---|---|---|
| | वार्षिक लक्ष्य | अर्ध वार्षिक प्राप्ति | प्रतिशत | वार्षिक लक्ष्य | अर्ध वार्षिक प्राप्ति | प्रतिशत |
| राजस्व बाँडफाँट (मू.अ.कर, अन्तःशुल्क र रोयल्टी) | ९८१६६ | ४८०२९ | ४९% | ११८८२४ | ३१४८९ | २६.५% |
| वित्तीय समानीकरण अनुदान | ८५६७८ | ४२८३९ | ५०% | ९००८२ | २२५२० | २५.०% |
| सशर्त अनुदान | ६३१४४ | १३१२६ | २१% | ८६९५९ | १९७७६ | २२.७% |
| समपूरक अनुदान | ११६४८ | २९१२ | २५% | ९२०० | ३०३६ | ३३.०% |
| विशेष अनुदान | ५९३३ | १४८३ | २५% | ४७५० | १५६८ | ३३.०% |
| आन्तरिक राजस्व (प्रदेशले संकलन गर्ने र स्थानीय तहबाट बाँडफाँट भई प्राप्त हुने समेत) | ४०९७७ | १९६०५ | ४८% | ४९८४५ | १६३५३ | ३२.८% |
| नगद मौज्दात/अनुदान बचत | २०००० | - | - | ३५१५५ | - | - |
| वैदेशिक अनुदान | २६१३ | - | - | २५६८ | - | - |
| **जम्मा** | ३२८१५९ | १२७९९४ | ३९.०% | ३९७३८३ | ९४७४२ | २३.८४% |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय*

गत आर्थिक वर्षको अर्धवार्षिक अवधिको तुलनामा चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिमा स्रोत प्राप्ति तर्फ २६ प्रतिशतले कमी भई रु.९ अर्ब ४७ करोड ४२ लाख प्राप्ति भएको छ। मुल्य अभिवृद्धि कर र आन्तरिक अन्तःशुल्कको राजस्व बाँडफाँड तर्फ गत आर्थिक वर्षको अर्धवार्षिक अवधिको तुलनामा रु.१ अर्ब ६५ करोड ४० लाख (३४%) कम प्राप्ति भएको छ। आन्तरिक आयतर्फ गत आर्थिक वर्षको वार्षिक लक्ष्य रु.४ अर्ब ९ करोड ७७ लाखमा अर्ध वार्षिक अवधिमा रु.१ अर्ब ९६ करोड ५ लाख अर्थात ४८ प्रतिशत प्राप्ति भएको थियो। चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिको प्राप्ति रु.१ अर्ब ६३ करोड ५३ लाख अर्थात् वार्षिक लक्ष्यको ३२.८ प्रतिशत मात्र प्राप्त भएको छ। यस्तै वित्तीय समानीकरण अनुदान तर्फ समीक्षा अवधिमा पहिलो किस्ता (२५%) मात्र प्रदेश सञ्चितकोषमा दाखिला भएको र राजस्व संकलन गत वर्षको तुलनामा न्यून भएको हुँदा अर्धवार्षिक अवधिको आय विवरण गत आर्थिक वर्षको तुलनामा २३.८४ प्रतिशतले कमी देखिएको हो।

### २.२.२ आन्तरिक आयतर्फ प्राप्तिको शीर्षकगत विवरण

प्रदेश सरकार अन्तरगतका निकायहरुबाट संकलन हुने, मालपोत कार्यालयबाट संकलन भई बाँडफाँट हुने र स्थानीय तहबाट बाँडफाँट भई प्राप्ति हुने समेत आन्तरिक आयतर्फ राजस्व संकलनको शीर्षकगत विवरण तालिका ५ मा प्रस्तुत गरिएको छ ।

*तालिका ५ – प्रदेशको आन्तरिक आयतर्फ प्राप्तिको शीर्षकगत विवरण*

(रकम रु. लाखमा)

| क्र.सं | विवरण | २०७९/८० को वार्षिक लक्ष्य | २०७८/७९ को अर्धवार्षिक प्राप्ति | २०७९/८० को अर्धवार्षिक प्राप्ति | २०७९/८० को अर्धवार्षिक प्राप्ति प्रतिशत |
|---|---|---|---|---|---|
| १. | घर जग्गा रजिष्ट्रेशन दस्तुर | १५००० | ६२८५ | २९९७ | २०% |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १३२०० | ४५२१ | ४५९७ | ३५% |
| ३. | मनोरञ्जन तथा विज्ञापन कर | १२० | १६ | १९ | १६% |
| ४. | बाडफाँट भई प्राप्त दहत्तर बहत्तर शुल्क | १५०३ | ५८२ | १६३ | ११% |
| ५. | वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम | ३७७ | १९९ | २२८ | ६०% |
| ६. | प्रशासनिक सेवा शुल्क (परीक्षा शुल्क समेत) | २४२६ | ५८९ | ६६६ | २७% |
| ७. | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ९२९ | ६३२ | ३८० | ४१% |
| ८. | यातायात क्षेत्रको आम्दानी | २००० | ४५४ | ३९५ | २०% |
| ९. | चालक अनुमतिपत्र, सवारी दर्ता किताब (Blue Book) सम्बन्धी दस्तुर | ६००० | २६२१ | ३१३७ | ५२% |
| १०. | विविध राजस्व | ७९ | २६ | १४ | १८% |
| ११. | अनुदान फिर्ता, निकासा फिर्ता, बेरुजु | ८२११ | ३६८० | ३७५७ | ४६% |
| **जम्मा** | | **४९८४५** | **१९६०५** | **१६३५३** | **३२.८%** |

*स्रोतः RMIS अनुसार, प्रदेश लेखा नियन्त्रक कार्यालय*

माथिको विवरण अनुसार आन्तरिक आयतर्फ वार्षिक लक्ष्यको तुलनामा ३२.८ प्रतिशत मात्र संकलन भएको देखिन्छ। चालु आ.व.को अर्धवार्षिक अवधिमा प्रदेशको आन्तरिक आय गत आर्थिक वर्षको भन्दा ३२ करोड ५२ लाख (१६.५%) ले कमी भएको छ। घरजग्गा रजिष्ट्रेशन शुल्क संकलनमा गत वर्षको तुलनामा कमी देखिएको छ। सो को प्रमुख कारणमा संघीय भू-उपयोग नीतिको कार्यान्वयन र वित्तीय क्षेत्रमा आएका शिथिलताका कारण घरजग्गा रजिष्ट्रेशन शुल्कमा कमी आएको छ। प्रचलित कानून बमोजिम स्थानीय तहमा संकलन भई प्रदेशमा बाँडफाँट हुनुपर्ने प्राकृतिक स्रोत विक्री शुल्क, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क वापत प्रदेशले प्राप्त गर्नुपर्ने रकम सबै स्थानीय तहबाट बाँडफाँट भई प्राप्त नभएको र यी शीर्षकहरुमा गत वर्षको तुलनामा कम राजस्व प्राप्ति भएको छ।

### २.२.४ समीक्षा अवधिमा राजस्व प्रणाली सुधारमा भएका प्रमुख कार्यहरु

- राजस्व संकलन र बाँडफाँटका सम्बन्धमा सम्बन्धित स्थलगत भ्रमण, अनुगमन तथा पत्राचार गरी समन्वय भइरहेको छ ।
- मन्त्रालयमा राजस्व क्षेत्रको पहिचान तथा विवरण अद्यावधिक गर्न एक कार्यदल गठन भई कार्य भइरहेको छ ।
- प्रदेश आर्थिक ऐन, २०७९ ले दिएका कर छुट तथा सहुलियतको जानकारी गराउन प्रचारप्रसार एवम् सूचना प्रकाशन तथा प्रसारण गरिएको छ।

### २.२.५ राजस्व संकलनमा देखा परेका चुनौती

- सबै स्थानीय तहबाट प्राप्त हुनुपर्ने राजस्व र सो को यथार्थ विवरण समयमै प्राप्त गर्नु ।
- दहत्तर बहत्तर शुल्क संकलन सम्बन्धी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र प्रदेश आर्थिक ऐन बीच सामन्जस्यता कायम गरि राजस्व संकलनको क्षेत्राधिकार स्पष्ट गर्नु ।
- प्रभावकारी अनुगमनको लागि आवश्यक सीपयुक्त जनशक्ति र अन्य स्रोतको उचित व्यवस्थापन गर्नु ।

- राजस्व चुहावटका क्षेत्रको पहिचान गरि तिनको नियमन गर्नु ।
- सवारी साधन कर तिर्ने सेवाग्राहीका समस्यालाई सम्बोधन गर्न यातायात सम्बन्धी राजस्वलाई अनलाईन दाखिला गर्ने प्रणालीको विकास गर्नु ।

### २.२.६ चालु आर्थिक वर्षको आयको संशोधित अनुमान

चालु आर्थिक वर्षको आयको संशोधित अनुमान तालिका ६ मा प्रस्तुत गरिएको छ।

*तालिका ६ - प्रदेशको स्रोत परिचालनको संशोधित अनुमान विवरण*

(रकम रु. लाखमा)

| स्रोत | आ.व. २०७९/८० | | |
|---|---|---|---|
| | वार्षिक लक्ष्य | संशोधित अनुमान/ प्रतिवद्धता | प्रतिशत |
| राजस्व बाँडफाँट | ११८८२४ | ८१५६० | ६८.६३ |
| वित्तीय समानीकरण अनुदान | ९००८२ | ९००८२ | १०० |
| सशर्त अनुदान | ८६९५९ | ६५३३६ | ७५.१३ |
| समपूरक अनुदान | ९२०० | ९२०० | १०० |
| विशेष अनुदान | ४७५० | ४७५० | १०० |
| आन्तरिक राजस्व | ४९८४५ | ३८४६० | ७७.१५ |
| नगद मौज्दात/अनुदान बचत | ३५१५५ | ३५१५५ | १०० |
| वैदेशिक अनुदान (सोझै भुक्तानी) | २५६८ | २५६८ | १०० |
| **जम्मा** | **३९७३८३** | **३२७१११** | ८२.३१ |

### २.२.७ संशोधित अनुमानका आधारहरु

आन्तरिक राजस्वतर्फ चालु आ.व.को अर्धवार्षिक अवधिमा रु.१ अर्ब ६३ करोड ५३ प्राप्त भएको र गत आर्थिक वर्षको वार्षिक प्राप्ति रु.४ अर्ब ४२ करोडलाई आधार मानी संशोधित अनुमान तयार गरिएको छ। संघ अनुदान तर्फ वित्तीय समानीकरण अनुदान, समपूरक र विशेष अनुदानको लागि संघ सरकारबाट रकमलाई नै पुर्ण प्राप्ति हुने अनुमान गरिएको छ। चालु आ.व.बजेटमा विनियोजन भएको मध्ये संघ सशर्त अनुदानमा रु.२ अर्ब १६ करोड ६७ लाख फिर्ता भईसकेको हुँदा त्यति रकम घटाएर बाँकी अनुदान प्राप्त हुने संशोधित अनुमान तयार गरिएको छ। राजस्व बाँडफाँट (मुल्य अभिवृद्धि कर र आन्तरिक अन्त शुल्क) र अर्धवार्षिक अवधि सम्मको प्राप्ति र गत आर्थिक वर्षको वार्षिक प्राप्ति र नेपाल सरकारले तयार गरेको राजस्व संशोधित अनुमानलाई समेत आधार मानी प्रदेशको आयको संशोधित अनुमान तयार गरिएको छ।

# परिच्छेद – तीन
# स्थानीय तहमा वित्तीय हस्तान्तरण तथा खर्चको स्थिति

## ३.१ स्थानीय तहलाई वित्तीय हस्तान्तरण

आर्थिक वर्ष २०७९/८० को अर्धवार्षिक अवधिमा स्थानीय तहलाई वित्तीय हस्तान्तरणको अवस्था तालिका ७ मा प्रस्तुत गरिएको छ ।

*तालिका ७ - स्थानीय तहलाई अनुदान हस्तान्तरणको विवरण*

(रकम रु. लाखमा)

| विवरण | आ.व.२०७९/८० को विनियोजन | २०७९ पौष सम्मको निकासा | प्रतिशत |
|---|---|---|---|
| २६३३१ - वित्तीय समानीकरण अनुदान | १००००.०० | ४८८८.७२ | ४८.८९ |
| २६३३२ - सशर्त अनुदान | १२७७०.०० | ४७९६.०२ | ३७.५६ |
| २६३३४ - समपूरक अनुदान | १३७००.०० | ४२१२.४० | ३०.७५ |
| **जम्मा** | **३६४७०.००** | **१३८९७.१४** | **३८.११** |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय*

आ.व.२०७९/८० को लागि स्थानीय तहमा तीनवटा अनुदान प्रदान गर्न विनियोजित रु.३ अर्ब ६४ करोड ७० लाख मध्ये रकम पौष मसान्तसम्ममा जम्मा रु.१ अर्ब ३८ करोड ९७ लाख सम्बन्धित स्थानीय तहको सञ्चितकोषमा हस्तान्तरण गरिएको छ। बाँकी किस्ता निकासा गर्नका लागि स्थानीय तहले खर्चको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयमा पेश गर्नुपर्ने हुन्छ। सबै स्थानीय तहबाट समयमै खर्चको प्रतिवेदन प्राप्त नहुँदा अनुदान निकासामा समस्या हुने गरेको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको सूत्र र आधार बमोजिम वित्तीय समानीकरण अनुदान सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गरिन्छ। तोकिएको आयोजना/कार्यक्रम कार्यान्वयन गर्न प्रदेश सरकार अन्तरगतका मन्त्रालयबाट स्थानीय तहमा सशर्त अनुदान हस्तान्तरण गरिएको छ। प्रदेश सरकार र स्थानीय तहको क्रमशः ७० र ३० प्रतिशत लागत साझेदारीमा सञ्चालन गरिने पूर्वाधार निर्माण सम्बन्धी आयोजनामा समपूरक अनुदान प्रदान गर्ने कानूनी प्रावधान रहेको छ। वित्तीय समानीकरण, सशर्त अनुदान र समपूरक अनुदानको रकम निकासा गर्ने व्यवस्था प्रदेश विनियोजन ऐन, २०७८, प्रदेश नं.१ प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ र प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ कार्यान्वयनमा रहेको छ।

## ३.२ सवारी साधन कर बाँडफाँट

प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा रहेको सवारी साधन कर संकलन एवम् प्रशासन प्रदेश सरकारबाट भईरहेको छ। प्रदेश सरकार अन्तरगतका यातायात व्यवस्था कार्यालयहरुबाट संकलन हुने सवारी साधन कर प्रदेशलाई ६० प्रतिशत र स्थानीय तहलाई ४० प्रतिशत बाँडफाँट गर्ने प्रावधान रहेको छ। स्थानीय तहलाई हस्तान्तरण हुने सवारी साधन कर २०७९ श्रावण देखि पौष मसान्तसम्म संकलन भएको रकम मध्ये स्थानीय तहले प्राप्त गर्ने ४० प्रतिशतले हुन आउने जम्मा रु.३० करोड ६४ लाख रकम बाँडफाँट गरी सम्बन्धित स्थानीय तहको सञ्चितकोषमा हस्तान्तरण गरिएको छ।

# परिच्छेद – चार

## खर्चको संशोधित अनुमान र पुनः प्राथमिकीकरण

### ४.१ समष्टिगत खर्च एवं स्रोतको संशोधित अनुमान

#### ४.१.१ खर्चको संशोधित अनुमान

चालु आर्थिक वर्षमा विनियोजित बजेट मध्ये जम्मा रु.३२ अर्ब ७० करोड ५८ लाख खर्च हुने संशोधित अनुमान गरिएको छ। चालु आर्थिक वर्षको खर्चको संशोधित अनुमान तालिका ८ मा प्रस्तुत गरिएको छ।

*तालिका ८ - खर्चको संशोधित अनुमान*

(रकम रु. लाखमा)

| खर्चको प्रकृति | बजेट विनियोजन | खर्चको अनुमान | प्रतिशत |
|---|---|---|---|
| चालु खर्च | १३०९१९ | १०३६१५ | ७९.१४ |
| कायमी पूँजीगत खर्च | २०८३२७ | १८६९७३ | ८९.७५ |
| अन्तर सरकारी वित्त हस्तान्तरण (स्थानीय तह) | ३६४७० | ३६४७० | १०० |
| **जम्मा** | **३७५७१६** | **३२७०५८** | ८७.०४ |

*(आ.व.२०७९/८० को पौषसम्ममा वार्षिक विनियोजनमा संघबाट सशर्त अनुदान तर्फ रु.२ अर्ब १६ करोड ६७ लाख संघीय सरकारले फिर्ता गरेको कारण वार्षिक विनियोजन ३७ अर्ब ५७ करोड १६ लाख कायम भएको)*

#### ४.१.२ खर्चको संशोधित अनुमानको आधार

उपरोक्त खर्चको संशोधित अनुमान तयार गर्दा विगत आ.व.को खर्च प्रगति प्रतिशतको आधार र संघीय सरकारले गरेको खर्च कटौतीको अनुरोधको आधारमा प्रदेश सरकारको निर्णय बमोजिम गरिएको खर्च कटौतीको अनुमान समेतलाई आधार लिइएको छ।संघ सशर्त, समपूरक र विशेष अनुदान स्रोत रहेको बजेट अधिकांश खर्च गर्ने लक्ष्य राखिएको छ।

यसप्रकार उल्लेखित खर्चको संशोधित अनुमानित रकम ३२ अरब ७१ करोड रहेको र खर्च पूर्ति गर्ने श्रोतको संशोधित अनुमानित रकम रु.३२ अरव ७१ करोड नै रहेकोले बजेट सन्तुलित नै रहने अनुमान रहेको छ ।

### ४.२ खर्चको प्राथमिकीकरण

#### ४.२.१ चालु खर्च

नेपाल सरकारबाट जारी सार्वजनिक खर्चको मितव्ययिता सम्बन्धी मापदण्ड, २०७८ को परिधिभित्र रहि प्रदेशको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ बमोजिम प्रशासनिक खर्च व्यवस्थापनमा मितव्ययिता अवलम्बन गरिएको छ ।

- प्रशासनिक खर्चमा मितव्ययिताको नीति अबलम्बन गर्दै अत्यावश्यक बाहेक अरु खर्चहरु नगर्ने नीति अवलम्बन गरिएको छ ।
- सेवा प्रवाह लागत घटाउन विद्युतीय प्रणाली मार्फत सेवा प्रवाहमा जोड दिई कार्यालय र कर्मचारी संख्यालाई सकेसम्म न्यूनतम हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) गरी स्थायी दरबन्दी स्वीकृति हुने व्यवस्था मिलाई कार्य सञ्चालन हुने व्यवस्था मिलाउन पहल गरिएको छ ।

### ४.२.२ पूँजीगत खर्च

- निर्माणाधीन बहुवर्षीय आयोजनाहरुको लागि आवश्यक र पर्याप्त बजेटको व्यवस्था गर्ने नीति लिइएको छ।
- विनियोजन भन्दा बाहेकको थप दायित्व सृजना नगर्ने नीति अवलम्बन गरिएको छ ।
- संघबाट हस्तान्तरण भएका निर्माणाधीन एवम् अधुरो रहेका आयोजनाहरुको विवरण तयार गरी नेपाल सरकार समक्ष सशर्त अनुदानमा थप रकम उपलब्ध गराइदिन लागि पठाइनेछ।
- बहुवर्षीय आयोजनाहरुको बढ्दो दायित्व भुक्तानी गर्न कार्यान्वयनमा रहेका बहुवर्षीय आयोजनाहरु संघ सशर्त, समपूरक अनुदान तथा लागत साझेदारीमा गर्ने व्यवस्था मिलाउन सोही अनुरुप प्रस्ताव पेश गरिएको छ ।
- प्रदेश सरकारले सञ्चालन गरेका आयोजना तथा कार्यक्रमहरुको प्रभावकारी नियमन गरी गुणस्तर परीक्षणको व्यवस्था मिलाउन अनुरोध गरिएको छ ।
- आयोजनाको फिजिकल कन्टिन्जेन्सी र प्रशासनिक कन्टिन्जेन्सी खर्चको लागि निश्चित मापदण्ड बनाएर कानूनी व्यवस्था बमोजिम मात्र खर्च गर्न व्यवस्था गरिएको छ ।
- आयोजना तथा कार्यक्रमहरुको ठेक्का आह्वान गर्दा विनियोजन रकम भन्दा कम रकम बोलकबोल गरी ठेक्का सम्झौता भएको खण्डमा सहायक र पुनः ठेक्का आह्वान नगर्ने साथै त्यस्तो बचत रकम अन्य प्रयोजनमा खर्च नगर्ने नीति अवलम्बन गरिएको छ ।

# परिच्छेद – पाँच

## बजेट प्रणाली तथा सार्वजनिक वित्त व्यवस्थापनमा भएका सुधारका प्रयास

### ५.१ आर्थिक वर्ष २०७९/८० को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन

चालु आर्थिक वर्षको श्रावण १ गते आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बजेट तथा योजना कार्यान्वयन सम्बन्धी मार्गदर्शन पठाइएको छ। संघ अनुदान प्राप्ति र कार्यान्वयनका सन्दर्भमा नेपाल सरकार अर्थ मन्त्रालयबाट मार्गदर्शन प्राप्त भएको छ। आर्थिक वर्षको शुरुवात देखि नै कार्य प्रक्रिया अगाडि बढाउने गरि खरिद योजना/खरिद गुरु योजना तर्जुमा, बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना, कार्य सम्पादन सम्झौता आदि मार्फत योजना तथा कार्यक्रम कार्यान्वयलाई तीव्रता दिइएको छ ।

आ.व.२०७९/८० को बजेट कार्यान्वयन मार्गदर्शनका मुख्य व्यवस्थाहरुः

- वार्षिक खरिद योजनालाई श्रावण १५ भित्र अन्तिम रुप दिइसक्नुपर्ने।
- आयोजना प्रमुख, कर्मचारीहरूलाई श्रावण १५ गते भित्र आयोजनामा खटाउनु पर्ने।
- समय सीमा सहितको कार्ययोजना श्रावण मसान्त भित्र स्वीकृत गर्नुपर्ने।
- कार्यसम्पादन सम्झौता गर्ने।
- खरिदको पूर्वतयारी र बोलपत्र आह्वान पहिलो त्रैमासिक भित्र गरिसक्नुपर्ने।
- कात्तिक मसान्त भित्र खरिद सम्झौता गरिसक्नुपर्ने।
- कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि/निर्देशिका तर्जुमा गरी पहिलो त्रैमासिक भित्र स्वीकृत गरिसक्नु पर्ने।
- चारपाङ्ग्रे सवारीसाधन खरिद गर्नु अघि आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनुपर्ने।
- संघ सशर्त, समपूरक र विशेष अनुदान खर्चको विवरण सम्बन्धित निकायमा पठाउनु पर्ने।
- खर्च नहुने बजेट समर्पण चैत्र १५ भित्र गरिसक्नुपर्ने।
- आयोजनाको निर्माण कार्य जेठ मसान्तभित्र सम्पन्न गर्ने गरी खरिद सम्झौता गर्नुपर्ने।
- ठेक्का लगाई बचत रकमबाट पुनः सहायक ठेक्का नलगाउने वा खर्च नगर्ने। ठेक्का लगाएर बचत भएको बजेट समर्पण गर्नुपर्ने आदि।

### ५.२ अख्तियारी तथा कार्यक्रम स्वीकृति

प्रदेशमा बजेट तर्जुमा तथा व्यवस्थापनमा प्रयोगमा रहेको प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि भएको बजेट तथा कार्यक्रमलाई नै सम्बन्धित प्रादेशिक निकायले खर्च गर्ने अख्तियारीको रूपमा मानी खर्च गर्ने गराउने भन्ने प्रदेश विनियोजन ऐन, २०७९ र चालु आर्थिक वर्ष २०७९/८० को बजेट तथा योजना कार्यान्वयन सम्बन्धी मार्गदर्शनमा उल्लेख रहेको छ ।

प्रदेश सरकारका विभिन्न विषयगत मन्त्रालयलाई चालु आर्थिक वर्षमा संघ सरकारबाट सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदानका रूपमा वित्तीय हस्तान्तरण मार्फत प्राप्त बजेट समयमै PLMBIS मार्फत सम्बन्धित निकायलाई बाँडफाँट गरिएको छ।

स्वीकृत वार्षिक कार्यक्रमको विवरण (कार्यक्रम पुस्तिका) प्रकाशन गरिएको छ। साथै सर्वसाधारणको जानकारीका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयको वेवसाइड मार्फत सार्वजनिक गरिएको छ।

### ५.३ समीक्षा अवधिमा गरिएका प्रयास

गत आ.व.२०७८/७९ को बजेट कार्यान्वयनको वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गर्नुका साथै आर्थिक मामिला तथा योजना मन्त्रालयको वेवसाईटमार्फत सार्वजनिक गरिएको छ। बजेट कार्यान्वयनलाई थप प्रभावकारी बनाउन परिपत्रहरु गरिएको छ। सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ मिति २०७९/४/३० गते प्रदेश सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा रहेको छ। यस निर्देशिकामा आयोजनाको कन्टिन्जेन्सी सम्बन्धी मापदण्ड एवम् बहुवर्षीय आयोजना सञ्चालन सम्बन्धी व्यवस्था समेत उल्लेख रहेको छ। प्रशासनिक खर्च न्यूनीकरण तथा मितव्ययिता अवलम्बन गर्न र कर्मचारी आवास प्रयोजनको घरभाडालाई समेत व्यवस्थित गर्ने गरी यस निर्देशिकामा समावेश गरिएको छ।

### ५.४ प्रथम त्रैमासिक प्रगति समीक्षा

चालु आ.व.२०७९/८० को प्रथम त्रैमासिक प्रगति समीक्षा मिति २०७९/०९/०७ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सभाहलमा सम्पन्न भएको छ। चालु आ.व.को प्रथम त्रैमासिक अवधिमा प्रदेश नं.१ को कुल खर्च रु.५ अर्ब ४ करोड १८ लाख (१२.७ प्रतिशत) भएको छ। गत आ.व. २०७८/७९ मा सो अवधिको खर्च रु.४ अर्ब ३५ करोड ५३ लाख (१३.४ प्रतिशत) रहेको थियो। यस्तै चालु आ.व.को प्रथम त्रैमासिक अवधिमा राजस्व तथा अनुदान प्राप्ति रु.५ अर्ब ५९ करोड ४१ लाख रहेको छ। गत आ.व.२०७८/७९ को सो अवधिमा आय रु.४ अर्ब ४२ करोड ४३ लाख प्राप्ति भएको थियो।

प्रथम त्रैमासिक प्रगति समीक्षामा बजेट कार्यान्वयनलाई थप प्रभावकारी बनाउन प्रस्तुत गरिएका सुझावहरुः-

- एकमुष्ट विनियोजन/अवण्डा रकम, खर्च नहुने रकम, ठेक्का लगाएर बचत रकम अन्यत्र खर्च नगरी बहुवर्षीय वा क्रमागत आयोजनामा प्राथमिकता दिने।
- प्रदेशका बहुवर्षीय आयोजनाहरुको दायित्व भुक्तानीमा केन्द्रित भएर बजेट कार्यान्वयन गर्ने। थप बहुवर्षीय दायित्व सृजना नगर्ने।
- आर्थिक कार्यविधि सम्बन्धी कानूनको पूर्ण पालना गरी वित्तीय अनुशासन कायम गर्ने।
- सार्वजनिक खर्चमा मितव्ययिता अबलम्बन गरी अनावश्यक खर्चहरु कटौती गर्ने।
- आयोजना/कार्यक्रम जेष्ठ मसान्तसम्ममा सम्पन्न हुने गरी कार्यान्वयन गर्ने।
- चालु र प्रशासनिक तर्फ वृद्धि भईरहेको खर्च नियन्त्रण गर्न नीतिगत व्यवस्था गर्ने।
- आन्तरिक आय अभिवृद्धि तर्फ पहल गर्नुपर्ने।
- कार्यप्रकृति मिल्ने कार्यालय, समिति/बोर्ड आदिलाई एकीकृत गरी सेवा प्रवाह गर्ने।
- बेरुजु फस्यौंट र न्यूनीकरणमा विशेष ध्यान दिने।
- अनुगमन मूल्याङ्कन, प्रगति समीक्षा र प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाउने।
- सरकारको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजना अनुरूप बजेट कार्यान्वयन गर्ने।

- बजेट कार्यान्वयन कार्ययोजना अनुसार कार्यसम्पादन सम्झौता बमोजिम कार्य भए नभएको अनुगमन मूल्याङ्कन गर्ने।
- योजना, बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७६ बमोजिम आयोजना/कार्यक्रम छनौट प्रणाली अवलम्बन गर्ने।
- प्रदेशको कार्यक्षेत्र भित्र सीमित भएर आयोजना/कार्यक्रम छनौट/स्वीकृत गर्ने।
- सवारी साधन, फर्निचर र मेशिनरी औजारमा अति आवश्यक बाहेकमा खरिद नगर्ने।
- पुराना सवारी साधन, मेशिनरी, फर्निचर लगायतका सामाग्रीको लिलाम प्रक्रिया अगाडि बढाउने।

### ५.५ आन्तरिक लेखा परीक्षण र सो को प्रतिवेदन प्रकाशन

गत आ.व.२०७८/७९ को प्रदेश नं.१ प्रदेश सरकार अन्तरगतका मन्त्रालय/कार्यालयहरुको आन्तरिक लेखापरीक्षण बेरुजु रकम जम्मा रु.३२ करोड ५५ लाख (कुल खर्च रु.२९ अर्ब ९१ करोड ५३ लाखको तुलनामा बेरुजु १.०९ प्रतिशत) रहेको छ। जसमध्ये असुल गर्नुपर्ने रु.१ करोड २५ लाख, नियमित गर्नुपर्ने रु.५ करोड ३३ लाख, पेश्की बेरुजु रु.२५ करोड ९७ लाख रहेको छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्रदेश लेखा नियन्त्रक कार्यालयको वेवसाइटमार्फत् सार्वजनिक रुपमा प्रकाशन गरिएको छ।

# परिच्छेद – छ

## क्षेत्रगत र मन्त्रालयगत उपलब्धि विश्लेषण

प्रदेश मन्त्रालय तथा निकायहरुबाट प्राप्त विवरण बमोजिम चालु आ.व.२०७९/८० को अर्धवार्षिक समीक्षा अवधिमा हासिल भएका क्षेत्रगत उपलब्धिहरु देहाय अनुसार रहेका छन् ।

### ६.१ आर्थिक र वित्तीय क्षेत्र

### ६.१.१ आर्थिक मामिला तथा योजना

- प्रदेश योजना आयोगसँगको समन्वयमा प्रदेश नं.१ को आन्तरिक राजस्व सम्भाव्यता अध्ययन गर्न उच्च स्तरिय राजश्व अध्ययन कार्यदल गठन भई सो सम्बन्धमा परामर्शदाता संस्थाबाट Initial Draft प्राप्त भई अध्ययनको क्रममा रहेको।
- प्रदेश सरकारका मन्त्रालयहरुले सम्पादन गरेका कार्यहरुका बारेमा आम नागरिकलाई जानकारी गराउनकालागि नेपाल टेलिभिजन इटहरीसँग संझौता भई आर्थिक बहस कार्यक्रम संचालन भईरहेको।
- वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम क्रमश: सञ्चालन भईरहेको।
- Reporting Portal र विकास सहायता Portal प्रदेश सहयोग कार्यक्रम (PSP) सँगको सहकार्यमा निर्माणको प्रक्रियामा रहेको।
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली तयार गर्ने कार्य अन्तिम चरणमा रहेको।
- आर्थिक ऐन, २०७९ ले व्यवस्था गरेको मनोरञ्जन कर छुट सम्बन्धमा स्थानीय निकायलाई जानकारी गराईएको तथा सवारी साधन कर छुट बारे विभिन्न माध्यमबाट प्रचार प्रसार गरिएको।
- आन्तरिक स्रोत अभिवृद्धिका लागि सम्बद्ध सरोकारवालासँग छलफल गरिएको।
- सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ र कर्मचारी प्रोत्साहन कार्यविधि, २०७९ तर्जुमा भई कार्यान्वयनमा रहेको।
- आगामी आ.व.२०८०/८१ को संघ समपूरक र विशेष अनुदानको लागि राष्ट्रिय योजना आयोगमा आयोजना/कार्यक्रमहरुको प्रस्ताव पेश गरिएको।

### ६.१.२ कृषि तथा पशुपंछी विकास

- कृषकहरुलाई बैंक मार्फत कृषि ऋणमा ब्याज अनुदान उपलब्ध गराउने सम्बन्धी कार्य भईरहेको।
- खाद्य परिषद्को गठन सम्बन्धी निर्णय, प्रादेशिक कृषि विकास रणनीतिको मस्यौदा तयारी
- चालु आ.ब.को श्रावणबाट मंसीरसम्म १६,५२९ मे.टन युरीया र ८,१७० मे.टन डीएपी गरी जम्मा २४,६९९ मे.टन प्राप्त भई गत आ.ब.को मौज्दात पोटास १,०४० मे.टन सहित सबै जिल्लालाई बाँडफाँट भई वितरण भएको।
- विभिन्न कार्यक्रमहरु कार्यान्वयनका लागि स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको।
- कृषि मन्त्रालय र मातहतका निकायहरुबाट चालु आ.व.२०७९/८० को पौष मसान्तसम्म कार्यक्रम कार्यान्वयनको अवस्था देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

| क.स. | कार्यक्रम/आयोजना | ईकाई | बार्षिक लक्ष्य | | दर्ता भएका प्रस्ताव संख्या | field verification भएका संख्या | सम्झौता भएको संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट (रु हजारमा) | | | |
| कृषि विकास निर्देशनालय र मातहतका कार्यालयवाट संचालित कार्यक्रमहरु | | | | | | | |
| प्रदेश सरकार तर्फका कार्यक्रम | | | | | | | |
| १ | चक्लावन्दी खेती कार्यक्रम | संख्या | ५ | २०००० | ९ | ८ | ४ |
| २ | हुलाकी राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम | संख्या | ४ | १२०० | १२ | १२ | ० |
| ३ | किवी भण्डारण गृह निर्माणमा सहयोग | संख्या | १ | २००० | ३ | ३ | ० |
| ४ | पुष्प खेतिका लागी नर्सरी स्थापना | संख्या | १० | २००० | २२ | १९ | ० |
| ५ | कागती खेती मिसन कार्यक्रम | संख्या | ४ | १००० | १३ | १३ | ० |
| ६ | किबी खेती प्रवर्धन कार्यक्रम | संख्या | २६ | १४४०० | ११२ | ९० | ६ |
| ७ | व्यावसायिक फलफूल बगैंचा स्थापना सहयोग | संख्या | १०८ | २९८०० | ४२१ | ३८० | ८ |
| ८ | प्राङ्गारिक प्रमाणिकरणका लागि अनुदान | पटक | ७ | ३५०० | ६ | ५ | ० |
| ९ | चिया/अलैंची ब्राण्डीङ्गका लागि अनुदान | संख्या | २ | ३००० | ६ | ५ | ० |
| १० | सुन्तलाजात बगैचा व्यवस्थापन एवम सुदृढीकरण कार्यक्रम | संख्या | ६५ | ५७०० | ७२ | ६८ | ५ |
| ११ | मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम | संख्या | २८ | १०६०० | ९० | ८२ | ३ |
| १२ | कफी खेति विस्तार कार्यक्रम | हेक्टर | २४ | ५५०० | ४३ | ३९ | ० |
| १३ | अलैंचीको नयाँ क्षेत्र विस्तार कार्यक्रम | हेक्टर | ५ | ४२५ | ८ | ८ | ० |
| १४ | गडयौली मल उत्पादन तथा प्राङ्गारीक मल सुधार कार्यक्रम | संख्या | १२२ | ८००० | ३२ | २९ | ० |
| १५ | महिला दलित विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम | संख्या | १०६ | १०६०० | २४८ | २३८ | ० |
| १६ | युवा लक्षित च्याउ मह तरकारी उत्पादन कार्यक्रम | संख्या | ४०५ | ४०५०० | ९९२ | ९४९ | ५५ |
| १७ | एक पालिका एक नर्सरी स्थापना सहयोग | संख्या | २२ | ३३०० | ३० | ३० | ० |
| १८ | प्याज उत्पादन प्रवर्द्धन कार्यक्रम | संख्या | १८ | ४४०० | २८ | २८ | १२ |
| १९ | प्याज तथा लसुन उत्पादन कार्यक्रम | संख्या | ३ | ६०० | ४ | ४ | ० |
| २० | मागमा आधारित कार्यक्रम | संख्या | ९२ | ८००० | १५० | १५० | २० |
| २१ | नमुना कृषि फार्म स्थापना सहयोग | संख्या | ४७ | ३१७०० | ३७७ | ३५२ | ११ |
| २२ | आलु भण्डारणको लागी रष्टिक स्टोर भण्डार निर्माण | संख्या | ४ | २४०० | १२ | ७ | ३ |
| २३ | कृषि बजार तथा संकलन केन्द्र निर्माण | संख्या | ७ | ७४०० | १४ | १४ | ० |
| २४ | अलैंची सुकाउने सुधारिएको भट्टी निर्माण सहयोग कार्यक्रम | संख्या | ७ | २१५० | १४ | १२ | ० |
| २५ | बाली विशेष भण्डार गृह (Mini Cold Sotre, कोल्ड चेम्बर निर्माणमा सहयोग | संख्या | २ | १२०० | ३ | ३ | ० |
| २६ | कुल वोट (Cool boat) खरिद तथा जडानमा सहयोग | संख्या | ६ | २७०० | ७ | ७ | ० |
| २७ | मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम | क्लष्टर | ३३ | १९५७५ | ६५ | ६३ | ३ |
| २८ | अदुवा/ वेसार प्रशोधन उद्योग यन्त्र उपकरण खरिदमा सहयोग | संख्या | १ | २०००० | ४ | ४ | १ |
| २९ | अलैंचि प्रशोधन यन्त्र उपकरण खरिदमा अनुदान | संख्या | १ | ५००० | १ | १ | १ |
| ३० | पुष्प खेतिका लागी नर्सरी स्थापना | संख्या | ५ | १००० | ११ | ११ | २ |
| ३१ | मसिना तथा बास्नादार धान खेति प्रवर्द्धन कार्यक्रम | हेक्टर | ० | ० | ० | ० | ० |

| क्र.स. | कार्यक्रम/आयोजना | ईकाई | बार्षिक लक्ष्य | | दर्ता भएका प्रस्ताव संख्या | field verification भएका संख्या | सम्झौता भएको संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट (रु हजारमा) | | | |
| ३२ | नमूना अलैंची वगान स्थापना | संख्या | ० | ० | ० | ० | ० |
| ३३ | चैतेधान विशेष सहयोग कार्यक्रम | हेक्टर | ५० | ७५० | ६ | ६ | ० |
| ३४ | प्राङ्गारिक मल उत्पादन पूर्वधार तथा यन्त्रउपकरण सहयोग | संख्या | ६ | ३०००० | ४२ | २५ | २ |
| ३५ | सुपारी प्रशोधन उद्योग पूर्वाधार तथा यन्त्र उपकरणमा सहयोग | संख्या | २ | १०००० | ७ | ७ | २ |
| ३६ | अदुवा प्रशोधन उद्योग यन्त्र उपकरण खरिदमा सहयोग | संख्या | १ | ५००० | २ | २ | १ |
| ३७ | हाईब्रिड मकै खेती विस्तार आयोजना (Area based cash incentives) क्षेत्र विस्तार | हेक्टर | ३०० | ४५०० | ९१ | ० | ० |
| ३८ | रैथाने वाली उत्पादन प्रवर्द्धन कार्यक्रम (कोदो फापर जौ आदि) | संख्या | २ | २०० | ५ | ५ | ० |
| ३९ | सुन्तलाजात बगैचाको ह्रास तथा रोग कीरा व्यवस्थापन कार्यक्रम | संख्या | ५ | ५३५ | ३ | ३ | ० |
| ४० | बगर खेती विकास तथा प्रवर्धन कार्यक्रम | संख्या | ५ | ५०० | ३ | ३ | ० |
| जम्मा | | | १५४१ | ३१९१३५ | २९६८ | २६८५ | १३९ |
| **संघीय सरकार तर्फका कार्यक्रम** | | | | | | | ० |
| ४१ | वीउ प्रशोधन पूर्वाधार/वीउ भण्डारण गृह निर्माण | संख्या | ८ | ४०००० | १७ | १३ | ३ |
| ४२ | खाद्यान्न भण्डारण गृह निर्माण | संख्या | ८ | ४०००० | ३० | २७ | ३ |
| ४३ | व्लक विकास कार्यक्रम निरनतरता | संख्या | १७ | ११८३१.२ | १७ | १७ | १४ |
| ४४ | सुन्तलाजात फलफूल नर्सरी सुदृढिकरण कार्यक्रम | संख्या | १ | १००० | १ | १ | ० |
| **जम्मा** | | | ३४ | ९२८३१.२ | ६५ | ५८ | २० |
| **कृषि विकास निर्देशनालय र मातहतको जम्मा** | | | १५७५ | ४११९६६.२ | ३०३३ | २७४३ | १५९ |
| **पशपंक्षी तथा मत्स्य विकास निर्देशनालय र मातहतका कार्यालयवाट संचालित कार्यक्रमहरु** | | | | | | | |
| | प्रदेश कार्यक्रम तर्फ | | | | | | |
| ४५ | बाखाको बृहत्तर पकेट प्याकेज कार्यक्रम (मासुमा अत्मनिर्भर कार्यक्रम अन्तर्गत) | पटक | ९ | ३५५०० | ३४ | २५ | ० |
| ४६ | कृषि/पशु सहकारी संस्थाहरुसंगको सहार्यमा व्यबसायिक पशु पालन कार्यक्रम | पटक | १० | ३१५३५ | ५९ | ३७ | ० |
| ४७ | दुध उत्पादनका आधारमा अनुदान | संख्या | ५ | १२४५०० | १३१ | १२० | ० |
| ४८ | व्यावसायिक भैंसीपालन प्रवर्द्धन कार्यक्रम | संख्या | २ | ६००० | ६८ | ८ | ० |
| ४९ | द्वन्द्वपिडित पशुपंक्षीपालन कार्यक्रम | संख्या | ८१ | २४३०० | १०४ | ५४ | ० |
| ५० | युवा लक्षित पशु विकास कार्यक्रम | संख्या | ११३ | २२६०० | ६२४ | ३३५ | ० |
| ५१ | पुरानो माछा पोखरी मर्मत सुधार | हे. | ३ | ९०० | ११ | ११ | ० |
| ५२ | साइलेज सम्वन्धी यन्त्र उपकरण खरिदमा सहयोग | संख्या | १३ | ८२५० | ४२ | १६ | ० |
| ५३ | च्याफकटर वितरण (मोटर सहित) | संख्या | ६६ | १९८० | ९० | ९० | ० |
| ५४ | निजी पाराभेट/पशु चिकित्सक लाई कृत्रिम गर्भाधान र पशु उपचारको लागि उपकरण खरीदमा सहयोग | | १८ | २७०० | २३ | २० | ० |
| ५५ | वेरोजगार पशु सेवा प्राविधिकलाई व्यावसायिक पशु पालन कार्यक्रम | संख्या | ६ | १२०० | २ | २ | ० |

| क्र.स. | कार्यक्रम/आयोजना | ईकाई | बार्षिक लक्ष्य | | दर्ता भएका प्रस्ताव संख्या | field verification भएका संख्या | सम्झौता भएको संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट (रु हजारमा) | | | |
| ५६ | वातावरण संरक्षण एवं पोषण सुधारको लागि करेसा पोखरी निर्माण | संख्या | १० | २५० | ४ | ४ | ० |
| ५७ | माछाको लागि Floating दाना निर्माण सम्वन्धि यन्त्र उपकरण खरिदमा सहयोग | संख्या | १ | ५००० | ८ | ८ | १ |
| ५८ | दाना उद्योगका लागि मकै, गहुँ भटमास भण्डार गृह निर्माण | संख्या | १ | ५००० | ४ | ४ | ० |
| ५९ | मत्स्य यान्त्रीकिकरणमा अनुदान सहयोग(मत्स्य विकास प्रवर्द्धन कार्यक्रम) | संख्या | ४ | ६५० | ६ | ३ | ० |
| ६० | नयाँ माछा पोखरी क्षेत्र बिस्तार(मत्स्य विकास प्रवर्द्धन कार्यक्रम) | संख्या | १० | ५००० | २३ | १२ | ० |
| ६१ | प्रजनन योग्य भेडा/थुमा वितरण | संख्या | ७ | १४० | ३ | ० | ० |
| ६२ | प्रजननका लागि वंगुरका पाठापाठी वितरण | संख्या | ६० | ४५० | ४८ | ० | ० |
| ६३ | प्रजननको लागि राँगो वितरण | संख्या | ४ | ४०० | २४ | ० | ० |
| ६४ | व्यवसायिक बंगुर फार्महरुमा बंगुरको कृत्रिम गर्भाधानको मेशवन उपकरणहरु खरिदमा सहयोग | संख्या | १ | ५००० | ० | ० | ० |
| ६५ | मासुजन्य उद्योग प्रवर्द्धन कार्यक्रम | संख्या | ४ | १५००० | १ | ० | ० |
| | | | ४२८ | २९६३५५ | १३०९ | ७४९ | १ |
| **बिषेश अनुदान कार्यक्रम** | | संख्या | | | | | |
| ६६ | बाखा श्रोत विकास कार्यक्रम | संख्या | १ | ५००० | २ | २ | ० |
| ६७ | वोयर बोका वितरण | संख्या | ३४९ | २६७०० | ५४१ | ६८ | ० |
| **जम्मा** | | | ३५० | ३१७०० | ५४३ | ७० | ० |
| **प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना** | | | | | | | |
| ६८ | आ.व. २०७८/७९ मा स्थापना भएका गाई/भैंसीको व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम निरन्तरताः | पटक | ५ | १५००० | १०८ | १२ | २ |
| ६९ | आ.व. २०७८/७९ मा स्थापना भएका बाखाको व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम निरन्तरताः | पटक | ११ | २२००० | ४९ | ४८ | ७ |
| ७० | आ.व. २०७८/७९ मा स्थापना भएका बंगुरको व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम निरन्तरताः | पटक | ५ | १०००० | १६ | १५ | १ |
| ७१ | आ.व. २०७८/७९ मा स्थापना भएका माछाको व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम निरन्तरताः | पटक | ५ | १०००० | ४९ | ४९ | १ |
| **जम्मा** | | | २६ | ५७००० | २२२ | १२४ | ११ |
| **पशपंक्षी तथा मत्स्य विकास निर्देशनालय र मातहतको जम्मा** | | | ८०४ | ३८५०५५ | २०७४ | ९४३ | १२ |
| **कुल जम्मा** | | | २३७९ | ७९७०२१.२ | ५१०७ | ३६८६ | १७१ |

### ६.१.३ पर्यटन विकास तथा संस्कृति प्रवर्द्धन

- अधुरो मुन्धुम पदमार्ग प्रवर्द्धनको लागि २ वटा स्थानीय तहहरु (साल्पासिलिछो गा.पा. भोजपुर र केपिलासगढी गा.पा. खोटाङ) मा वित्तीय हस्तान्तरण गरिएको।
- श्रष्टा सम्मान कार्यविधि, २०७९, अनुदान तथा सहायता सम्बन्धी कार्यविधि, २०७९ तर्जुमा भई कार्यान्वयनमा रहेको।
- होमस्टे सञ्चालन तथा व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि, २०७९, पर्यटन विकास (दोस्रो संशोधन) नियमावली, २०७९ तर्जुमा गरिएको।
- प्रदेश प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ स्वीकृत भएको।
- पर्यटन विकास आयोजना तर्फ निर्माणाधीन ठूला एवम् बहुवर्षीय आयोजनाहरुको प्रगति विवरण देहायअनुसार रहेको छः-

| क्र.सं. | आयोजनाको नाम | हालसम्मको उपलब्धी | |
|---|---|---|---|
| | | वित्तिय | भौतिक |
| १ | संसारीमाई स्थानको पर्यटकीय पूर्वाधार विकास | ५२ प्रतिशत | ५५ प्रतिशत |
| २ | मुसाफिरखाना भवन निर्माण विराटनगर | ४८ प्रतिशत | ७० प्रतिशत |
| ३ | मत्स्यगन्धा फनि पार्क निर्माण<br>कोशी गा पा वडा नं ६ र ७ | २८ प्रतिशत | १५ प्रतिशत |
| ४ | महागुरु फाल्गुनन्दको धार्मिक पार्क निर्माण<br>सिलौटी लब्रेकुटी फिदिम न पा र फाल्गुनन्द गा पा | १० प्रतिशत | ५ प्रतिशत |

### ६.१.४ उद्योग, श्रम तथा रोजगार

- उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धी सेवालाई अनलाइन प्रणालीमा आवद्ध गर्न आवश्यक खरिद प्रक्रिया सम्पन्न गरी प्रदेश स्तरीय अनलाइन प्रणाली चालु आ.व.को अन्त्यसम्ममा सञ्चालनमा ल्याउने लक्ष्य सहित निर्माण चरणमा रहेको।
- घरेलु मदिरालाइ ब्रान्डिङ गर्ने कार्यका लागि उद्योगमन्त्रीज्यूको संयोजकत्वमा निर्देशक समिती गठन भइ काम भइरहेको।
- जिल्लाहरुवाट घरेलु उद्यमको संरक्षण र विकासका लागि उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत सूचना प्रकाशन भई लक्षित उद्यमीहरूको मूल्याङ्कनको क्रममा रहेको।
- उपभोक्ता हित संरक्षण सम्बन्धी सूचना प्रवाह तथा सचेतना कार्यक्रमहरू सञ्चालन गरिएको।
- प्रदेश श्रम सल्लाहकार परिषदलाइ थप क्रियाशील बनाउन सम्बन्धित नीतिगत व्यवस्थामा सामयिक संशोधन गरिएको।
- औद्योगिक प्रदुषण नियन्त्रण एवम् न्यूनीकरणका लागि नियमन र अनुगमन तीव्र बनाइएको।
- आ.व. २०७९।८० प्रथम त्रैमासिक सम्म उद्योग दर्ता संख्याः २,०६५ वटा, वाणिज्य फर्म दर्ता संख्याः १,९१३ वटा रहेको।

### ६.१.५ वन तथा वातावरण संरक्षण

**वन तथा वातावरण संरक्षण क्षेत्रमा प्रदेश सरकार अन्तरगतका निकायहरुबाट समीक्षा अवधिको प्रगति विवरण देहायअनुसार रहेको छ।**

- काठ उत्पादन - ९५५६०३७ क्यू.फी.
- दाउरा उत्पादन - १०५०चट्टा
- जडीबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन (खोटो समेत) - १३८१५३६ कि.ग्रा.
- मू.अ. कर संकलन - रु. ३११४४०५००
- राजश्व संकलन - रु. ६१३४००७६
- प्रदेश कर (वन पैदावार बिक्रिवितरण) - रु.१६०४०५१५
- रोजगारी श्रृजना - १०५२० जना
- सामुदायिक वन उपभोक्ता समूह गठन तथा हस्तान्तरण - ३वटा
- सामुदायिक वन कार्ययोजना नविकरण - ३९ वटा
- सिमसारक्षेत्र व्यवस्थापन - ३५वटा
- सामुदायिक वनमा पर्यापर्यटन प्रवर्धन - २वटा
- वनमा आधारित उद्योग स्थापना - ७ वटा
- नर्सरी निर्माण - ९ वटा
- नर्सरी मर्मत - ४९वटा
- जलवायु परिवर्तन अनुकूलन नमुना गाउँ कार्यक्रम - ४ स्थान
- एकिकृत भूस्खलन नियन्त्रण - ६ स्थान
- सडकसंग भू-संरक्षण - ७कि.मि.
- एकिकृत सुख्खा क्षेत्र व्यवस्थापन - २७ स्थान
- वायो इन्जि. खोला किनारा संरक्षण - २८.५कि.मि.
- आकस्मिक भू-संरक्षण कार्यक्रम - ५ स्थान
- गल्छी पहिरो नियन्त्रण/भू-संरक्षण - ४ स्थान
- भौतिक पूर्वाधार तथा उद्योग क्षेत्रसँग सम्बन्धित संक्षिप्त वातावरणीय अध्ययन १२ वटा, प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन २५ वटा तथा वातावरण व्यवस्थापन योजना १ वटा स्वीकृत भई कार्यान्वयनमा गएको।

### ६.१.६ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण

- सहकारी क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने कार्यविधि, २०७९ तर्जुमा गरी सोही अनुसार कार्यक्रम कार्यान्वयन भईरहेको।
- भूमिहीन गरिब, सुकुम्बासी वर्ग उत्थान सहयोग तथा तालिम सञ्चालन कार्यविधि, २०७९ अनुसार कार्यक्रम कार्यान्वयनको क्रममा रहेको।

## ६.२ भौतिक पूर्वाधार

### ६.२.१ सडक तथा पुल निर्माण

- क्रमागत ६६ वटा बहुबर्षीय सडक मध्ये ३ वटा सम्पन्न भई अन्य सडकहरुको निर्माण कार्यको काम भईरहेको र थप १० वटा नयाँ बहुबर्षीय सडकहरुको ठेक्का व्यवस्थापनको प्रकृयामा रहेको।
- क्रमागत वा निर्माणाधीन १३० वटा सडकपुल मध्ये ५५ वटा सम्पन्न भई अन्य निर्माणाधिन र निर्माणको प्रकृयामा रहेको।
- दुर्गम पाहाडी तथा हिमाली क्षेत्रमा १२६ वटा झो.पू. मध्ये १०५ वटा सम्पन्न भई बाँकीको निर्माण कार्य भई रहेको। बेलिब्रिजका लागि सम्भाब्यता अध्ययनको प्रकृयामा रहेको ।
- प्रादेशिक सडक यातायात गुरुयोजना तयार भएको। दशवर्ष अवधिको लगानी योजना तयार भएको।
- ग्रामीण सडक सञ्जाल परियोजना अन्तरगत २४ वटा सडकको अध्ययन भई विस्तृत परियोजना प्रतिवेदन तयार भएको र ३ वटा सडकको चालु आ.ब.मा ठेक्का प्रकृया लागि तयारी गरिएको ।
- चतरा-घुर्मी (कोशी कोरिडोर) सडक निर्माणका लागि संघीय सरकारसँग समन्वय भईरहेको।
- निर्माण सामाग्रीको गुणस्तरीय परीक्षण गर्न प्रयोगशाला स्थापना कार्य अगाडि बढाईएको। आबश्यक उपकरणहरु खरिद भई सकेको तथा ल्याव भवन निर्माणको लागि जग्गा उपलब्ध हुन नसकेको।

### ६.२.२ शहरी विकास तथा भवन

- जनता आवास कार्यक्रम अन्तर्गत शहरी विकास कार्यालयहरु मार्फत् ९३२ वटा घर निर्माण कार्यक्रम स्वीकृत भई पहिलो चौमासिक अवधिमा १५३ वटा सम्पन्न भई ६२१ वटा निर्माणको प्रकृयामा रहेको।
- स्मार्ट सिटी तथा नमूना गाउँहरुको पूर्वाधार निर्माणको कार्यको लागि ५ वटा शहरको डि.पि.आर. तयार भई प्रकृया अगाडी बढाईएको।

### ६.२.३ खानेपानी तथा सरसफाई

| सि.नं. | आ.व. | कार्य विवरण | कार्य परिमाण (आयोजना संख्या) | एकाई | लागत (रु. हजारमा) | उपलब्धी |
|---|---|---|---|---|---|---|
| ६ | २०७९/०८० | खानेपानी तथा सरसफाई | १४१२ | वटा | २५१५५ | |
| | | सिंचित क्षेत्र विस्तार तथा | ४५० | वटा | १३९१३३९ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पुनर्स्थापना | | | | |
| | | जल उत्पन्न प्रकोप | २०० | वटा | ५९६२८८ | |
| | | उर्जा विकास | ९ | वटा | १५५०० | |

- प्रदेश तर्फ संचालित खानेपानी आयोजनाहरु
- जलवायु अनुकुलित बृहत खानेपानी आयोजनाहरु (संघ तर्फ संचालित)
- गुणस्तर सुधार आयोजनाहरु (संघ तर्फ संचालित)
- बाढी पहिरोबाट क्षतिग्रस्त खानेपानी आयोजना मर्मत सुधार
- तराई-मधेश खानेपानी सुधार कार्यक्रम (संघ शसर्त अनुदान)
- डीप ट्युवेल आयोजना (मर्मत सुधार)(संघ शसर्त अनुदान)
- नमुना सोलार लिफ्ट खानेपानी कार्यक्रम
- सह लगानीमा खानेपानी संचालन कार्यक्रम
- खानेपानी गुणस्तर प्रयोगशाला स्थापना
- पहाडी क्षेत्र बिशेष खानेपानी कार्यक्रम
- प्रदेश र स्थानीय तहको साझेदारीमा वास प्लान कार्यक्रम संचालन
- पूर्ण सरसफाई कार्यक्रम
- नमुना सोलार लिफ्ट खानेपानी आयोजना
- रुघ्ण खानेपानी आयोजना सुधारको लागि जनचेतना मूलक कार्यक्रम
- सह लगानीमा खानेपानी संचालन कार्यक्रम
- सम्पन्न भएका खानेपानी आयोजनाको गुणस्तर सुधार कार्यक्रम

### ६.२.४ सिंचाई तथा नदी नियन्त्रण

**सतह सिचाई तर्फ**

- नमुना सोलार टार लिफ्ट सिचाई आयोजना
- मझौला सिचाई कार्यक्रम
- समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना (ADB Funded)
- नयाँ प्रविधिमा आधारित सिंचाइ आयोजना
- सिंचाइ प्रणाली पुनर्स्थापना आयोजना (कुवेत फण्ड)
- सिंचाइ मर्मत संभार आयोजनाहरु
- साना सिचाई कार्यक्रम (मध्य पहाडी जिल्ला को ६० स्थानीय तहमा - संघ, प्रदेश, स्थानीय तह र स्वीस सरकारको संयुक्त लगानीमा )

**नदि तथा पहिरो नियन्त्रण कार्य**

**भूमिगत सतह सिचाई तर्फ**

- समृद्ध तराई मधेश सिंचाइ बिशेष कार्यक्रम
- भूमिगत डिप ट्युबवेल सिंचाई प्रणाली निर्माण र मर्मत सम्भार
- डिप ट्युबवेल सिचाई कार्यक्रम (६० बिघा), पावर ड्रिल सिचाई (५-१० बिघा)

### ६.२.५ उर्जा

- प्रदेशको पानी प्रदेश जनताको लगनीमा जलबिद्युत उत्पादन गर्ने निजि क्षेत्र, स्थानीय समुदायको लगानी (प्रदेश लगानी बोर्ड मार्फत) कार्यान्वयन भईरहेको।
- विद्युतीय सवारी साधन प्रवर्द्धन र चार्जिंग स्टेशन निर्माण
- सोलार रूफ टप आयोजना र सुधारिएको बिद्युतीय चुलो कार्यक्रम
- काठे पोल विस्थापन कार्यक्रम र बिद्युत सुदृढीकरण कार्यक्रम
- प्रमुख धार्मिक र पर्यटकीय स्थल सौन्दर्यीकरण कार्यक्रम
- प्रदेश मन्त्रालय/कार्यालयमा विद्युतीय चुलो वितरण कार्यक्रम
- प्रदेश मन्त्रालयमा सौर्य बिद्युतिकरण कार्यक्रम र मन्त्रालय परिसरमा सोलार जडान
- बिपन्न बर्ग लक्षित सौर्य उर्जा उज्यालो कार्यक्रम
- एलपीजी ग्यास प्रतिस्थापना र बिद्युतिय चुलोको प्रयोगको प्रबर्धन
- बायोमास जडान, लघु जलबिद्युत आयोजना मर्मत सम्भार कार्यक्रम

## ६.३ सामाजिक विकास

### ६.३.१ महिला, बालबालिक, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति

- ज्येष्ठ नागरिक ग्राममा घेराबारा र प्रशासनिक भवन निर्माणको क्रममा रहेको।
- लैङ्गिक समानता नीति, २०७९, सामाजिक समावेशीकरण नीति, २०७९ र बालबिवाह विरुद्धको प्रादेशिक रणनीति, २०७९  तर्जुमा गरिएको।
- स्थानीय तहमा अपाङ्गता सहायता कक्ष सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत भई कार्यान्वयनमा रहेको।
- किशोरी सशक्तीकरण कार्यक्रम (सञ्चालन) निर्देशिका, २०७९ अनुसार कार्यक्रम कार्यान्वयन भईरहेको।
- वौद्धिक अपाङ्गता भएका वालवालिकाहरुका लागि प्रत्येक प्रदेशमा पूर्वाधारयुक्त आवासिय विद्यालय संचालन वापत पञ्चायत मावि बेलबारीलाई क्रमागत रुपमा दिइने।
- स्थानीय तह र साझेदार संस्थाको साझेदारीमा अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम कार्यान्वयन भईरहेको।
- लैङ्गिक हिंसा विरुद्धको सचेतना कार्यक्रम सञ्चालन गरिएको।

### ६.३.२ शिक्षा

- साक्षर प्रदेश घोषणा (२०७९ भाद्र २३ गते)
- निजामती आवासीय विद्यालय सञ्चालन कार्यविधि, २०७९ तर्जुमा गरी कार्यान्वयन।
- ब्रिज कोर्स तथा भाषा शिक्षण कक्षा (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७९ तर्जुमा।

- गुणस्तरीय शिक्षाका लागि शिक्षक तालिम कार्यक्रम कार्यान्वयन। प्राविधिक शिक्षा सम्वन्धी नीतिको मस्यौदा तर्जुमा गरिएको।
- मनमोहन प्राविधिक विश्वविद्यालयको शैक्षिक प्रशासनिक तथा परीक्षा भवन निर्माण आयोजनाको कार्यान्वयन प्रारम्भ भएको।
- उत्कृष्ट व्यवस्थापन भएका सफल सामुदायिक आधारभूत विद्यालय र माध्यमिक विद्यालयलाई प्रोत्साहन अनुदान(प्रत्येक जिल्लामा १/१ विद्यालय)का लागि विद्यालय छनौट भई सम्झौताको प्रकृयामा रहेको।
- विद्यालयमा इ-शिक्षा स्मार्ट कक्षा व्यवस्थापनका लागि ई-टेण्डरको प्रकृयाको चरणमा रहेको ।
- स्थानीय तह र प्रदेशकोसँगको साझेदारीमा ठूला विद्यालय विकास गर्न छनौट भइ DPR तयार भएका विद्यालयका लागि पुर्वाधार विकास अनुदान दिन विद्यालयसँग सम्झौता भइसकेको।
- प्राविधिक शिक्षालयहरुको संस्थागत सुदृढिकरण – प्रस्तावित शहीदस्मृती बहुप्राविधिक शिक्षालय फिदिम नगरपालिका पाँचथरको भवन निर्माणको प्रक्रिया अगाडि बढाइएको।
- सामुदायिक क्याम्पसहरुलाई भौगोलिक स्थिति र विद्यार्थी संख्याको आधारमा प्रस्तावमा आधारित चालु र पुँजीगत अनुदान दिने सम्बन्धी कार्य गरिएको।
- माध्यमिक तहमा स्वयंसेवक विज्ञान शिक्षक व्यवस्थापनका लागि विद्यालयहरुलाई अनुदान सहयोगका लागि २७ वटा स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको।
- विद्यालयमा स्काउट विकासका लागि विद्यालय छनोट भई कार्यक्रम माग भएको।
- विद्यालयमा स्वच्छ पिउनेपानी प्रबन्ध, विद्यालयहरुको भौतिक पूर्वाधार विकास तथा विस्तार, धार्मिक प्रकृतिका विद्यालयलाई अनुदान, विद्यालयमा विज्ञान प्रयोगशाला ब्यवस्थापन, TECS विद्यालय र साझेदार शिक्षालयका लागि प्रस्तावमा आधारित अनुदानका लागि निर्देशनालय र मन्त्रालयबाट सम्झौताभै रहेको।

### ६.३.३ युवा तथा खेलकुद

- नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको प्रदेशस्तरीय तयारी, व्यवस्थापन र सहभागिता।
- खेलाडी प्रोत्साहन कार्यक्रम ।
- प्रदेश स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन (मुख्यमन्त्रीकप फुटबल सहित) प्रारम्भिक चरणमा रहेको।
- स्थानीय तहका रंगशाला, खेलमैदान तथा कवर्डहल निर्माण तथा स्तरोन्नतिका लागि स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको।

## ६.४ स्वास्थ्य तथा जनसंख्या

- विशेषज्ञ चिकित्सक प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७९ र स्वास्थ्यकर्मी करार सेवा सम्बन्धी कार्यविधि, २०७९ प्रदेश सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयन गरिएको।
- प्रादेशिक स्वास्थ्य नीति तर्जुमाकालागि अवधारणा पत्र स्वीकृत भई प्रक्रिया अगाडि बढेको।
- जिल्ला अस्पताल पाँचथर, तेह्रथुम र भोजपुरलाई ५० शैयामा स्तरोन्नति र प्रादेशिक अस्पताल, भद्रपुरलाई २०० शैया स्तरोन्नति गरिएको ।
- कोशी अस्पताल, कोभिड-१९ उपचार केन्द्र विराटनगरका लागि ६१ जना र प्रादेशिक आयुर्वेद अस्पताल लखनपुरका लागि १९ जनाको अस्थायी दरबन्दी मन्त्री परिषद्बाट स्वीकृति भएको।

- कोशी अस्पताल, कोभिड-१९ उपचार केन्द्रको नाम परिवर्तन गरी संक्रामक रोग तथा सघन उपचार केन्द्र राखिएको।
- मिति २०७९/०५/१५ गतेका दिन माननीय मन्त्री जयराम यादवज्यूबाट लखनपुर झापामा प्रादेशिक आयुर्वेद अस्पताल समुद्घाटन गरी सेवा शुरू गरिएको।
- जिल्ला अस्पताल, उदयपुरमा **Water plant** निर्माणका लागि बोरिङ जडानको काम सम्पन्न भई पानी शुद्धीकरण प्लान्ट जडानको कार्य अगाडि बढेको।
- प्रदेश जनस्वास्थ्य प्रयोगशाला, विराटनगरमा प्रयोगशालाजन्य फोहोर व्यवस्थापनका लागि **Liquid Waste Treatment Plant** जडान गर्न आपूर्तिकर्तासँग सम्झौता भइसकेको।
- प्रादेशिक अस्पताल, भद्रपुरका लागि स्टेरिलाजर मेसिन खरिद गर्न आपूर्तिकर्ता छनोट भई सम्झौता भइसकेको।
- प्रादेशिक अस्पताल, भद्रपुरमा अक्सिजन प्लान्टको बुस्टर तथा पाइप लाइन खरिद तथा जडानका बोलपत्र आव्हान गरी प्राप्त बोलपत्रहरूको मूल्याङ्कनको क्रममा रहेको।
- जिल्ला अस्पताल खोटाङमा ल्याब सेवा विस्तारका लागि **Biosafety Cabinet** खरिद गरिएको तथा स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापनका लागि प्लासेन्टा पिट निर्माण गरिएको।
- निःशुल्क औषधी खरिद तथा व्यवस्थापनका लागि **Quantification Forecasting** कार्य सम्पन्न भएको।
- प्रयोगशाला सपोर्टका लागि **Analyser Machine** खरिदका लागि सम्झौता भइसकेको र ग्रामीण आमा स्वास्थ्य सुरक्षा कार्यक्रमका लागि **Portable Ultrasound** मेसिन खरिदका लागि स्पेसिफिकेशन तयार भएको।
- **Oxytocin, Ma.sul, Cal.gluconate, Vitamin k1, Mesoprostol, Tranexamin acid** खरिदका लागि सम्झौता भइसकेको। फोलिक एसिड तथा मानसिक स्वास्थ्य सम्बन्धी औषधी खरिद गरिएको।
- **IMNCI** कार्यक्रमको लागि औषधी खरिद र क्याल्सियम खरिदका लागि सम्झौता भइसकेको।
- **Maternal Child Health & Nutrition (MCHN)** कार्यक्रम निरन्तरता तथा आपतकालीन पोषणका लागि फोर्टीफाइड पिठो **(Supercereal)** खरिदका लागि बोलपत्र आव्हान भइसकेको।
- १४ जिल्लामा राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न भएको।
- **Maternal & Neonatal Health** कार्यक्रमसँग सम्बन्धित **Clinical Mentor** हरूको वार्षिक समीक्षा तथा योजना तर्जुमा कार्यक्रम सम्पन्न।
- झापा, मोरङ, सुनसरी र उदयपुर जिल्लामा परिवार नियोजन सम्बन्धी स्थायी बन्ध्याकरण शिविर सञ्चालन भएको।
- सबै जिल्लाहरूमा स्वास्थ्य कार्यालयमार्फत **MPDSR, VA** र आमा सुरक्षा कार्यक्रमको स्थानीय तहहरूमा गई **Onsite Coaching** र **Mentoring** कार्य भइरहेको।
- रिक्त ३६ विद्यालय नर्स १० जना, जनस्वास्थ्य अधिकृत ८ जना, मेडिकल अधिकृत ३ जना, आयुर्वेद चिकित्सक लगायतका पदहरूमा विज्ञापन गरी छनोट गरिएको।
- झापा र मोरङ जिल्लामा हात्ती पाइले रोग विरूद्ध औषधी खुवाउने अभियानको योजना तर्जुमा गरिएको
- डेंगु परीक्षणका लागि आवश्यक परीक्षण किट स्वास्थ्य कार्यालयमार्फत स्थानीय तहलाई उपलब्ध गराइएको।

- प्रदेशभित्रका स्वास्थ्य संस्थाहरूमा कार्यरत स्वास्थ्यकर्मीका लागि **PTC/BLS** तालिम २ ब्याच सम्पन्न भएको।
- स्वास्थ्यकर्मीहरूका लागि परिवार नियोजन सम्बन्धी **Implant** तालिम पाँचौ ब्याच सञ्चालन भइरहेको।
- सेभ द चिल्ड्रेनको सहयोगमा बनेको प्रदेश जनस्वास्थ्य प्रयोगशालाको नव निर्मित भवन हस्तान्तरण तथा उद्घाटन सम्पन्न भई सोही भवनबाट सेवा प्रवाहको कार्य सुरू भएको।
- सुरक्षित गर्भपतन सेवा अनुगमन तथा सुपरिवेक्षण समिति गठन गरिएको।
- स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी मापदण्ड अनुसार अस्पतालहरूको स्व-मूल्याङकन चेकलिष्ट तयार गरिएको।
- प्रदेशका सम्पूर्ण अस्पतालहरूमा नेपाल सरकारद्धारा जारी गरिएको न्यूनतम सेवा मापदण्ड सम्बन्धी निर्देशिका बमोजिम नियमित मूल्याङकन तथा सुधारका लागि कार्ययोजना बनाई लागू गरिएको।

## ६.५ शासकीय सुधार, सार्वजनिक सेवा प्रवाह र सुशासन

### ६.५.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

- प्रदेश निजामती सेवा अध्यायादेश, २०७९ तर्जुमा गरी प्रदेश सभा मार्फत अनुमोदन भएको।
- कर्मचारीको तह बृद्धि सम्बन्धि निर्देशिका, २०७९ स्वीकृत भई कार्यान्वयनमा आएको ।
- प्रदेश निजामती किताबखानाको स्थापनार्थ आवश्यक प्रकृया अगाडि बढाइएको ।
- संघीयता कार्यान्वयन तथा अध्ययन सम्बन्धी एक दिवसीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।
- प्रदेश सरकारको आ.व.२०७९/८० को नीति तथा कार्यक्रम कार्यान्वयन तयार गरी लागू गरिएको।
- जनतासँग मुख्यमन्त्री रेडियो र टेलिभिजन कार्यक्रमलाई निरन्तरता दिइएको।
- मुख्यमन्त्री ड्यासबोर्ड सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९ तर्जुमा गरी कार्यान्वयनमा रहेको।
- प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७९ स्वीकृत भएको। प्रदेश नं. १ सुशासन (व्यवस्थापन तथा सञ्चालन) (प्रथम संशोधन) नियमावली, २०७९ तर्जुमा गरिएको।
- संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी कार्यविधि, २०७९ तर्जुमा भई कार्यान्वयनमा रहेको।
- कर्मचारीको क्षमता अभिवृद्धि गर्न हरेक मन्त्रालयबाट २/२ जना सहभागी रहने गरी मन्त्रिपरिषद् प्रस्ताव लेखन तालिम सम्पन्न गरिएको।
- स्थानीय तहहरुमा IPF (सिर्जिनशील कोष) क्रमागत कार्यक्रम सञ्चालन गर्न १० वटा स्थानीय तहहरुमा वित्तीय हस्तान्तरण गरिएको।
- वित्तीय सुशासन जोखिम मूल्यांकन सम्बन्धमा सबै मन्त्रालयहरुसँग मूल्यांकनका लागि अभिमुखिकरण कार्यक्रम गरिएको।

### ६.५.२ प्रदेश सभा सचिवालय

- प्रदेश सभा हलको नयाँ भवनमा Sound सिस्टमको Upgrade ले सभाका गितिविधिहरु दर्शक, अथिति र संचारकर्मीले सजिलै बुझ्न सक्ने हुँदा नागरिकलाई सहि सूचना संप्रेषण हुने गरेको।

- विद्युत क्षमता विस्तारकोलागि 300 KVA Transformer जडान, TOD Meter र Metering Unit जडान गर्ने कार्य सम्पन्न भएकोले विद्युत आपूर्ति नियमित भई YouTube बाट प्रत्यक्ष प्रशारण गर्न र Digital सूचनाहरु नियमित प्रवाह हुँदा नागरिकले संसदीय गतिविधि बुझ्न सहज भएको।
- UNDP को सहयोगमा जडान भएको Video Conference सम्बन्धी प्रविधिले प्रदेश सभाले बनाउने कानून र संसदीय समितिले गर्ने संसदीय निगरानी समेतमा प्रदेशका सबै स्थानीय तह र १४ वटै जिल्ला समन्वय समिति सम्बन्धित नागरिक समाज, सरोकारवालहरु, विज्ञ समेतले राय सल्लाह सुझाव आदान प्रदान गरी कानूनलाई सर्वसम्मत पारित गर्न मद्दत पुग्ने तथा प्रदेश सरकार, स्थानीयतहले गरेका विकास निर्माण समेतका काममा संसदीय निगरानी पुऱ्याई गुणस्तर तथा सुशासन कायम गर्न व्यवस्था सहजता भएको ।
- प्रदेश सभा बैठकको प्रत्यक्ष प्रशारण गरिने व्यवस्थाका कारण प्रदेश सभामा प्रतिनिनिधित्व गर्नुहुने माननीय सदस्यले बैठकमा राख्नु भएको बिचार र बैठकका गतिविधिहरु नागरिकले प्रत्यक्ष रुपमा सुन्न र हेर्न सक्ने ।
- प्रदेश सभाबाट पारित सबै ऐनहरु, सूचनाहरु तथा गतिविधिहरु Website र समाजिक संजालमा राख्ने व्यवस्था गरिएको हुँदा प्रदेश सभा तथा सचिवालयका गतिविधिहरु आम नागरिकले सजिलै प्राप्त गर्न सक्ने ।
- ऐन/नियम बमोजिम सूचनाको हक सम्बन्धी प्रकाशनको नियमित प्रकाशन हुने हुँदा सुशासन कायम गर्न मद्दत पुगेको।
- प्रदेश सभा/सचिवालयको गतिविधि समेटिएको स्मारिका, डायरी आदिको प्रकाशनले जनप्रतिनिधिहरु, सरकारमा प्रतिनिधित्व गर्ने व्यक्तिहरु र विभिन्न सरकारी कार्यलायको जानकारी साथै सम्पर्क नं. समेत प्राप्त हुने हुँदा आम नागरिकको सरोकारवाला व्यक्तिसँग प्रत्यक्ष सम्पर्कले गर्दा संघीयता कार्यान्वयनमा सहयोग पुग्न सक्ने ।
- प्रदेश सभामा माननीय सदस्यहरूले वोल्न राख्नु भएको विचारलाई कम्प्युटर टाइप (Verbatim) गरी पुस्तक प्रकाशन गरी प्रदेश सभा सचिवालयको पुस्तकालयमा राख्ने गरिएको हुँदा राम्रा पक्षलाई प्रवर्धन गर्न र कमिकमजोरीलाई हटाउन व्यक्तिगत रुपमा प्रदेश सभा सदस्य र संस्थागत रुपमा सचिवालयलाई सहयोग पुग्ने ।

### ६.५.३ आन्तरिक मामिला तथा कानून

- हामी स्वयम् सेवी अभियान (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ अनुसार जिल्ला कार्यक्रम सञ्चालन भईरहेको। निर्देशक र जिल्ला संयोजकको समन्वय बैठक सम्पन्न। १२ वटा जिल्लाका ५९० वटा विद्यालयहरुमा हामी स्वयम् सेवी समूह गठन गरियो।
- जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन र आदिवासी जनजाती आन्दोलनका क्रममा सहादत प्राप्त गर्ने परिवारले रकम प्राप्त गर्न निवेदन पेश गर्न सूचना आह्वान गरी जिल्ला प्रशासन कार्यालय मार्फत माग संकलन गरी सिफारिस गर्ने क्रममा रहेको।
- जिल्लास्थित विभिन्न प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, कारागार, सशस्त्र प्रहरी कार्यालयहरु लगायतमा भौतिक संरचना निर्माण तथा मर्मत सम्भारकोलागि बजेटको अख्तियारी प्रदान गरिएको।
- मन्त्रालय परिषरमा आवास तथा विपद् गोदामघर निर्माण कार्य भइरहेको।

- संविधान दिवसको अवसरमा राजमार्गको डिभाईडरमा विराटनगरको जोगवनी देखि बरगाछीसम्म वृक्षारोपण कार्यक्रम व्यवस्थापन गरिएको।
- निर्वाचन लक्षित प्रदेशस्तरीय सुरक्षा गोष्ठीको आयोजना गरियो। प्रदेश सुरक्षा समन्वय समितिको बैठक सम्पन्न। विद्यालयमा कानून सचेतना, महिला हिंसा, बेचविखन, ओसारपसार नियन्त्रण तथा न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिएको।
- कारागारभित्र मानवअधिकार प्रवर्द्धन तथा कानूनी सचेतना सम्बन्धी ३ जिल्ला (सोलुखुम्बु, ओखलढुङ्गा र उदयपुर) मा कार्यक्रम सञ्चालन गरिएको।
- समीक्षा अवधिमा ११ वटा संख्यामा राजपत्र प्रकाशन तथा सम्पादन गरिएको। सञ्चारमाध्यमबाट विभिन्न सचेतनामूलक संदेश तथा भिडियो प्रसारण गरिएको।

### ६.५.४ विपद् व्यवस्थापन

- बाढी/पहिरो, आगलागी पीडित र विभिन्न स्थानका विपद् पीडितहरुलाई राहत सामाग्री एवम् राहत रकम वितरण गरिएको।
- विराटनगरका विभिन्न स्थानमा शीतलहर प्रभावित विपन्न परिवार, जेष्ठ नागरिक एवम् असहाय नागरिकलाई कम्बल वितरण गरिएको।
- विपद् सम्पर्क व्यक्तिहरुको समन्वय बैठक सम्पन्न। सम्भावित विपद् जोखिम न्यूनीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम गरिएको।
- मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्रको लागि दुई थान दमकल खरिदको लागि बोलपत्र आह्वान भई खरिद सम्झौता भईसकेको।
- प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्र (PEOC) को संरचनात्मक सुधारका लागि सम्झौता भई कार्यादेश दिइएको।
- विद्यालयको पाठ्यक्रममा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विषय समावेश गर्ने सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।

### ६.५.५ यातायात व्यवस्था

- झापा, मोरङ, सुनसरीका यातायात व्यवस्था/सेवा कार्यालयको प्रयोगात्मक स्थलमा सि.सि. क्यामेरा जडान गरी अनुगमन गर्ने कार्य भइरहेको।
- यातायात व्यवस्था कार्यालय, झापा लगायत अन्य यातायात व्यवस्था/सेवा कार्यालयहरुको भवन निर्माणको लागि जग्गा प्राप्तिको प्रक्रियामा रहेको।
- ट्राफिक लाइट जडान कार्यका लागि ई-बिडिङको कार्य सम्पन्न भई सम्झौताको चरणमा रहेको।
- ई-रिक्सा व्यवस्थापन र पार्किङस्थल सञ्चलानकालागि स्थानीय तहका पदाधिकारीहरुसँगको अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको।
- पार्किङ्ग स्थलको व्यवस्थापनका लागि नियमावलीको मस्यौदा तयार भएको ।
- प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०७७ दोश्रो संशोधनको मस्यौदा तर्जुमा गरिएको।

### ६.५.६ सूचना तथा सञ्चार तर्फ

- प्रदेश पत्रकारिता पुरस्कार तथा सम्मान कार्यविधि, २०७९ र पत्रकारिता छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत भएको।
- प्रदेश सञ्चार माध्यम व्यवस्थापन गर्न बनेको विधेयक, २०७९ को मस्यौदा तर्जुमा गरिएको।
- नेपाल टेलिभिजन र रेडियो नेपालसँगको सम्झौता गरी प्रदेश डायरीको प्रशारण गरिएको।
- प्रदेशबाट नै १०० वाट भन्दा माथि १००० वाटसम्म क्षमता भएको एफ एम रेडियो र केबल टेलिभिजनको दर्ता, नवीकरण गर्ने कार्यको सुरुवात गरिएको।
- नेपाल पत्रकार महासंघ १ नं. प्रदेश समितिको भवन निर्माण, झापा र ताप्लेजुङ जिल्लास्थित भवनको निर्माणमा सहयोग।

### ६.५.७ प्रदेश लोक सेवा आयोग

- स्थानीय सरकारी सेवाका विभिन्न १२ वटा पदको लिखित परीक्षा संचालन गरिएको ।
- उक्त सेवाका विभिन्न ७ वटा पदको लिखित परीक्षाको नतिजा प्रकाशन गरिएको
- विभिन्न ७ वटा परीक्षावाट लिखित तथा अन्तर्वार्ता सम्पन्न भई ६० जना उम्मेदवार सिफारिस भएका
- अन्य पदको लिखित परीक्षाको नतिजा प्रकाशनको तयारी भई रहेको।
- यस आर्थिक बर्षमा स्थानीय सरकारी सेवाका विभिन्न पदको लागि १२१३ वटा दरवन्दीमा पदपूर्तिको लागि विज्ञापन प्रकाशन गरिएको ।
- केही स्थानीय तहले आयोगको परार्मश विना विज्ञापन/सूचना प्रकाशन गरी गरेको पदपूर्ति तथा तह वृद्धि सम्बन्धी सम्पूर्ण कार्य प्रचलित कानूनको मर्म र भावना विपरित भएको ठहर गरी सो सँग सम्बन्धित निर्णय बदर गरिएको।
- प्रदेश निजामती सेवा अध्यादेश २०७९ र स्थानीय सरकारी सेवा सम्बन्धी अध्यादेशमा प्रदेश सरकारलाई राय परापर्श उपलब्ध गराइएको।
- वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गरिएको तथा प्रदेश सरकार मार्फत प्रदेश सभामा पठाइएको।
- इन्जिनियरिङ सेवा, सिभिल समूह, सहायकस्तर चौथो तह, खानेपानी तथा सरसफाइ टेक्निसियन पदको पाठ्यक्रम स्वीकृत गरिएको आदि।

### ६.५.९ मुख्यन्यायाधिवक्ताको कार्यालय

- सरकारी वकिलहरुसँगको अन्तरक्रिया कार्यक्रम सम्पन्न।
- प्रदेश सरकारबादी वा प्रतिवादी बनाई दायर भएका मुद्दाहरुको प्रतिरक्षा, बहसपैरवी
- कानूनी विषयमा राय तथा परामर्श प्रदान
- अदालतको फैसला कार्यान्वयन, अनुगमन
- कारागार, हिरासतहरुको अनुगमन निरीक्षण तथा सुझाव प्रदान
- अन्तरप्रदेश अनुभव आदान प्रदान कार्यक्रम आदि।

# परिच्छेद - सात

## बहुवर्षीय आयोजनाको बाँकी दायित्व सम्बन्धी विवरण

संघबाट हस्तान्तरण भएका आयोजनाहरु र प्रदेश सरकार गठन भए पश्चात विगत आर्थिक वर्षहरुमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट समेत स्रोत सहमति भई प्रदेश सरकार मातहतका कार्यालयहरुबाट सञ्चालित बहुवर्षीय आयोजनाहरुको दायित्व सम्बन्धी संक्षिप्त विवरण तालिका ७.१ मा उल्लेख गरिएको छ।

तालिका ७.१ बहुवर्षीय आयोजनाको दायित्व सम्बन्धी विवरण

(रकम रु.लाखमा)

| मन्त्रालय | ठेक्का सम्झौता रकम | आ.व.२०७८/७९ सम्मको भुक्तानी | बाँकी दायित्व | आ.व.२०७९/८० को विनियोजन |
|---|---|---|---|---|
| सडक पुर्वाधार तथा शहरी विकास मन्त्रालय | ३३६०१६ | १८२१६६ | १५३३७९ | ४९३५४ |
| खानेपानी सिँचाई तथा उर्जा मन्त्रालय | ३६२२८ | २८७०७ | ७५२१ | ४७७३ |
| पर्यटन तथा संस्कृती मन्त्रालय | ५८३४ | १८२० | ४०१४ | १८०० |
| **जम्मा** | **३७,८०,७८** | **२१,२६,९३** | **१६,४९,१४** | **५,५९,२७** |

पुनश्च - माथि उल्लेखित दायित्व रकम कन्टेन्जेन्सी, मुल्य समायोजन र फिजिकल कन्टेन्जेन्सी बाहेकको ठेक्का सम्झौता रकम मात्र हो । कन्टेन्जेन्सी र मुल्य समायोजनका लागि औषतमा १८ प्रतिशत दायित्व थपिने वा खर्च हुने अनुमान रहेको छ । यस कारण बहुवर्षिय आयोजनाको बाँकी दायित्वमा करिव ३ अर्व थप खर्च हुने भएकोले वहुवर्षिय आयोजनाको बाँकी दायित्व १९ अर्व ५० करोड भन्दा वढी रहेको देखिन्छ ।

स्रोतः सम्बन्धित विषयगत मन्त्रालय

माथिको बहुवर्षीय दायित्वभन्दा बाहेक चालु आ.व.२०७९ श्रावणदेखि पौषसम्म आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्रोत सहमति प्रदान गरिएको विभिन्न आयोजनाहरुको लागत अनुमान रु.१२ अर्ब ५७ करोड रहेको छ।

# परिच्छेद - आठ

## बजेट कार्यान्वयनमा देखा परेका समस्या एवम् चुनौतीहरु

- बहुवर्षीय आयोजनामा पर्याप्त विनियोजन नभएको। सम्पन्न आयोजनाको दायित्व भुक्तानीमा बजेट अपुग भएको।
- विनियोजन भन्दा बढीको दायित्व सृजना हुने गरी ठेक्का प्रक्रिया अगाडी बढाउने प्रवृति देखिएको।
- संघले फिर्ता गरेका कतिपय आयोजनाको ठेक्का सम्झौता भएकोमा अन्यौलता सिर्जना भएको।
- बजेट कार्यान्वयन कार्ययोजना, खरिद योजना/गुरुयोजना अनुसार कार्य हुन नसकेको।
- पहिलो त्रैमासिकसम्ममा खरिद प्रक्रिया अगाडि बढाइसक्नुपर्नेमा पर्याप्त जनशक्तिको अभावमा कतिपय आयोजनाको निर्माण प्रारम्भ समयमै हुन नसकेको।
- निर्माणाधीन आयोजनाहरु समयमै सम्पन्न नभई ढिलासुस्ती भइरहेको।
- आर्थिक कार्यविधिको परिपालना एवं वित्तीय अनुशासनमा उदासिनताको कारण बेरुजुमा बृद्धी भएको।
- आन्तरिक नियन्त्रण प्रणाली र अनुगमन मूल्याङ्कन प्रभावकारी हुन नसकेको ।
- आयोजनाको कन्टिन्जेन्सी खर्च सम्बन्धी मापदण्ड पालना नभएको। आवश्यक नपर्नेमा पनि कन्टिन्जेन्सी छुट्याई गैह्रबजेटरी खर्च गर्ने प्रवृत्ति देखिएको।
- आयोजनासंग सम्बन्धित वातावरणीय अध्ययन स्वीकृत भई केही सडक तथा पुल आयोजनाहरुमा पर्ने रुख कटानको स्वीकृति लिन लामो प्रक्रिया तथा समय धेरै लाग्ने देखिएको।
- खानेपानी तथा सरसफाई क्षेत्रमा आधारभूत खानेपानी सुविधामा मात्र केन्द्रित भएको र उच्च-मध्यम स्तरका खानेपानी आयोजनामा बजेट विनियोजन नभएको।
- संघ, प्रदेश तथा स्थानीय सरकारको विकास कार्यक्रम तथा आयोजना बाँडफाड तथा वर्गिकरण मापदण्ड २०७६ अनुसार विकास योजनाहरुको कार्यान्वयन हुन नसक्नु।
- अन्तर निकाय समन्वयको कमी (खानेपानी, विद्युत, टेलिफोन) ।
- केन्द्रबाट हस्तान्तरित भएर आएका आयोजनाहरुको आर्थिक स्रोत अभावका कारण सम्पन्न गर्न समस्या भएको ।
- निर्माण सामग्री परीक्षणको लागि प्रादेशिक गुणस्तर परीक्षण प्रयोगशालाको अभाव रहेको।
- आयोजनाहरुको गुणस्तरीयता परीक्षण गर्ने प्रणाली र त्यसका लागि पर्याप्त स्रोत साधनको अभाव रहेको।
- निर्माण सामग्री उपलब्धतामा कठिनाई रहेको (खोला, खोल्सामा भर पर्नुपरेको)
- प्रदेश निजामती सेवाका जनशक्ति व्यवस्थापन र रिक्त पदपूर्तिका लागि ठोस कार्य गर्न नसकिएको।
- प्रदेश मन्त्रालय र अन्तर्गतका निकायमा माग बमोजिम जनशक्ति व्यवस्थापन गर्न नसकिएको कारण लक्षित कार्यक्रमहरुबाट उपलव्धी हासिल गर्न कठिनाइ भएको ।
- वार्षिक कार्यक्रम कार्यान्वयनमा विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ महामारीले असर पारेको।

- सशर्त अनुदान अन्तर्गतको वैदेशिक स्रोत समावेश आयोजना वा कार्यक्रमको प्रगति विवरण सम्बन्धित निकायमा समयमै नपठाउँदा अनुदान प्राप्ति, शोधभर्ना र भुक्तानीमा समस्या भएको ।
- बजेट तथा कार्यक्रम कार्यान्वयनकालागि प्रदेशका कतिपय मन्त्रालय अन्तर्गत निकाय/ कार्यालय नहुनु, मन्त्रालयमा स्थानको कमी, कतिपय पूर्वाधार निर्माण सम्बन्धी काममा समन्वय नहुनु।
- विगतका प्रभावकारी कार्यक्रमले निरन्तरता नपाउनु, माग अनुसारको क्रियाकलाप सञ्चालन गर्नका लागि पर्याप्त बजेटको व्यवस्थापन नहुनु।
- आर्थिक कार्यविधिको परिपालना, वित्तीय अनुशासनमा ह्रास आई बेरुजु एवम् अनियमितता बढ्दै गईरहेको।
- प्रदेशका मन्त्रालय/कार्यालयहरुबाटै हुने कार्यको लागि पनि छुट्टै स्वायत्त संस्था वा निकाय वा संरचना स्थापना गर्ने प्रवृत्ति।
- प्रदेश अन्तरगतका जनशक्तिबाट सम्पादन हुन सक्ने कार्यको लागि सेवा परामर्शमा बजेट विनियोजन तथा खर्च हुने गरेको।
- आयोजना/कार्यक्रम प्राथमिकीकरण र छनौट प्रणाली प्रभावकारी नभएको र आयोजना बैंक सञ्चालनमा ल्याउन नसकिएको।
- सवारी साधन उपयोगको प्रभावकारी व्यवस्थापन हुन नसकेको।
- प्रदेश सरकारको सम्पत्तिको अभिलेख र ब्यवस्थापन प्रभावकारी हुन नसकेको आदि।।

# परिच्छेद – नौ

# बजेट कार्यान्वयन प्रभावकारी बनाउनका लागि गर्नुपर्ने कार्य

## ९.१ बजेट तर्जुमा तथा कार्यान्वयन

- खर्च नहुने रकम, बाँडफाँट हुन बाँकी एकमुष्ट विनियोजित रकम अन्यत्र खर्च नगरी बहुवर्षीय वा क्रमागत आयोजनामा प्राथमिकता दिने।
- निर्माणाधीन बहुवर्षीय आयोजनाहरुको बाँकी भुक्तानी व्यवस्थापनमा केन्द्रीत भएर बजेट कार्यान्वयन गर्ने गराउने।
- आर्थिक कार्यविधि सम्बन्धी कानूनको पूर्ण पालना गरी वित्तीय अनुशासन कायम गर्ने।
- सार्वजनिक खर्चमा मितव्ययिता अबलम्बन गरी अनावश्यक खर्चहरु कटौती गर्ने।
- आयोजना/कार्यक्रम जेष्ठ मसान्तसम्ममा सम्पन्न हुने गरी कार्यान्वयन गर्ने ।
- आवधिक योजना अनुरुप मध्यकालीन खर्च संरचनाको प्रयोगलाई प्रभावकारी बनाउने ।
- आवश्यकता, औचित्य, क्षेत्रीय र भौगोलिक सन्तुलन, प्राथमिकीकरणको आधारमा व्यवस्थित आयोजना छनौट प्रणाली, आयोजना बैंकको स्थापना गर्ने ।
- योजना, बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७६ बमोजिम आयोजना/कार्यक्रम छनौट प्रणाली अवलम्बन गर्ने ।
- आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रभावकारी बनाई वित्तीय अनुशासनलाई सबल बनाउने ।
- कार्यक्रम तथा परियोजना कार्यान्वयनको भौतिक र वित्तीय प्रगतिको रिपोर्टिङलाई यथार्थ परक बनाउने ।
- गैर बजेटरी खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने ।
- बेरुजु न्यूनीकरण गर्ने, सो को लगत राख्ने, फर्स्यौट तथा असुल उपर सम्बन्धी कार्य गर्ने गराउने।
- खर्चको मापदण्डमा एकरुपता, आवास प्रयोजनको घरभाडाको उचित व्यवस्थापन गर्नुपर्ने।
- उच्च पदाधिकारीहरुसँग भएको कार्य सम्पादन सम्झौता अनुसार कार्य भए नभएको समीक्षा/मूल्याङ्कन गर्ने ।
- आयोजनाको गुणस्तर परीक्षण गर्ने प्रणाली स्थापित गरी प्रभावकारीरूपमा कार्यान्वयन गर्ने ।
- संघ, प्रदेश तथा स्थानीय सरकारले विकास योजनाहरुको कार्यक्षेत्र मापदण्ड अनुसारको योजना मात्र लागु गर्नुपर्ने।
- प्रदेशको सीमित स्रोत र प्रतिबद्ध दायित्व अत्यधिक रहेको विद्यमान परिस्थतिमा प्रदेशको कार्यक्षेत्र भित्र सीमित भएर आयोजना/कार्यक्रम छनौट/स्वीकृत एवम् कार्यान्वयन गर्ने।
- प्रदेशको स्रोतले प्रदेशको कार्यक्षेत्र भित्र र सिर्जित दायित्व भुक्तानीमा स्रोतले धान्न नसक्ने अवस्थामा संघले खर्च व्यहोर्ने क्षेत्रमा बजेट विनियोजन नगर्ने।
- संघ, प्रदेश र स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाहरुमा दोहोरोपना हटाउन पर्याप्त समन्वय गर्ने।

## ९.२ स्रोत व्यवस्थापन

- बहुवर्षीय आयोजनाहरुको बाँकी दायित्व र प्रदेशको स्रोतको विश्लेषण गर्दै तिनीहरुको उचित व्यवस्थापनको रणनीति तय गर्नुपर्ने।
- संघ अनुदान माग गर्दा वा प्राप्त अनुदान बाँडफाँट गर्दा ठेक्का सम्झौता भईसकेका बहुवर्षीय आयोजनालाई प्राथमिकता दिई विनियोजन गर्ने।
- आन्तरिक आयको क्षेत्र पहिचान गरी आय स्रोत बढाउन पहल गर्ने ।
- नेपालको संविधानमा भएको व्यवस्था, प्रदेशको एकल अधिकार वा साझा अधिकार सूचिमा रहेका राजस्व संकलन र प्राप्तिमा पहलकदमी बढाउनुपर्ने।
- प्रदेशको स्रोत र दायित्व श्रृजनाको विश्लेषण तथा स्रोत सुनिश्चितता नगरी बहुवर्षीय खरिद प्रक्रिया अगाडि नबढाउने।
- संघ सशर्त अनुदानमा समावेश भएको वैदेशिक सहायताको निकासा वा शोधभर्ना समयमा गर्ने वातावरण बनाउने ।
- संघबाट हस्तान्तरण भई प्रदेशमा निर्माणाधीन र अधुरा आयोजना सम्पन्न गर्न सशर्त अनुदानमा थप रकम उपलब्ध हुन पहल गर्नुपर्ने।
- संघीय कार्यक्रम संशोधन तर्फ प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयलाई उद्देश्यमा फरक नपर्ने गरी कार्यक्रम संशोधन गर्नसक्ने अनुमति प्राप्त हुनुपर्ने ।
- घर जग्गा रजिष्ट्रेशन शुल्ककोलागि कारोवार मूल्यको आधारमा संकलन गर्न नीतिगत व्यवस्था गर्ने।
- प्राकृतिक स्रोत संकलन तथा विक्रि शुल्कमा नीतिगत एवम् कानूनी सुधार गरी एकरुपता कायम गर्ने।
- मनोरञ्जन कर, विज्ञापन करको दायरा विस्तार गर्ने।
- वन पैदावर बिक्री शुल्क र पर्यटन शुल्कमा विविधिकरण गर्ने।
- कृषि आयमा लाग्ने करको अध्ययन गर्नुपर्ने।
- राजस्व चुहावट नियन्त्रणका लागि समिति/कार्यदल गठन
- वैदेशिक सहायता परिचालन सम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने।
- प्रदेशको आन्तरिक राजस्व सीमित भएको र खर्चको आवश्यकता बढिरहेको अवस्थामा प्रदेशलाई दिने वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटको दायरा बढाउन पहल गर्नुपर्ने।
- वैदेशिक स्रोत समावेश भएका आयोजना वा कार्यक्रम कार्यान्वयन, बजेट रोक्का/फुकुवा, प्रगति विवरण र शोधभर्ना माग सम्बन्धमा सशर्त अनुदान प्रदान गर्न सम्बन्धित निकाय र कार्यान्वयन गर्ने प्रदेश अन्तर्गतका कार्यालयहरु बीच पर्याप्त समन्वय हुनुपर्ने ।
- स्थानीय तह र राजस्व संकलन गर्ने सरकारी कार्यालयको राजस्वको तथ्यांक अद्यावधिक र नियमन गर्ने प्रणालीको व्यवस्थापन गर्ने ।
- प्रदेशमा पहिचानमा रहेका पर्यटकीय स्थलहरुमा आन्तरिक तथा वाह्य पर्यटन विकास र पर्यटन तथा पदयात्रा शुल्क संकलनका लागि स्थानीय तहसँग साझेदारी गर्ने ।
- बैंङ्क तथा वित्तीय संस्था, बीमा, धितोपत्र लगायतमा प्रदेशको कार्यक्षेत्र र समन्वय स्पष्ट हुनुपर्ने।
- बैदेशिक सहायता परिचालनमा प्रदेशको कार्यविधि तर्जुमा गर्न समन्वय गर्ने।
- राजस्व चुहावट नियन्त्रणमा प्रदेशको कार्य तथा भूमिका तय हुनुपर्ने।
- मालपोतबाट हुने घरजग्गा रजिष्ट्रेशन शुल्क निर्धारण वास्तविक कारोबार मूल्यमा मूल्याङ्कन गर्ने व्यवस्था गरिनुपर्ने।

## ९.३ वित्तीय उत्तरदायित्व र जवाफदेहिताको परिपालना

- विनियोजित बजेट भन्दा बढीको र स्वीकृत कार्यक्रम भन्दा बाहेकको खरिद प्रक्रिया अगाडि नबढाउने।
- आर्थिक दायित्व हुने विषयमा निर्णय गर्दा वा मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व स्वीकृति अनिवार्य रुपमा लिने।
- विनियोजन भन्दा बाहेक र यस मन्त्रालयको सहमति बिना दायित्व सृजना हुने गरी खर्चको प्रतिवद्धता नजनाउने वा सम्झौता नगर्ने।
- दण्ड र पुरस्कारलाई प्रभावकारी रुपमा लागू गर्ने।
- As Built Drawing पेश भएपछि, नापी किताब प्रमाणित गरेर, खरिद तथा निर्माणको गुणस्तर परीक्षण गरेर मात्र भुक्तानी दिने।
- आम्दानी, खर्च, अनुदानको विवरण मासिक रुपमा सार्वजनिक गर्ने ।
- आयोजना कार्यान्वयन कार्ययोजना, आयोजनाको विवरण सार्वजनिक गर्ने।
- भौतिक प्रगतिको आधारमा मात्र भुक्तानी गरिने व्यवस्था कार्यान्वयन गर्ने।
- कार्यक्रम संशोधन, स्रोत व्यवस्था र PLMBIS प्रविष्टि स्वीकृत भएपछि मात्र कार्य सुरु गर्ने।
- अनुदान सहायता र मागमा आधारित कार्यक्रमलाई कार्यविधि स्वीकृत गराई खुला रुपमा सूचना आह्वान गरी कार्यान्वयन गर्ने।
- विनियोजित बजेट लक्षित उद्देश्य अनुसार कार्यान्वयन हुन नसकेमा सो को सम्बन्धित पदाधिकारीले नै जिम्मेवारी लिनुपर्ने।
- विनियोजन ऐन र बजेट कार्यान्वयनका लागि जारी भएको मार्गदर्शनको परिपालना गर्ने।
- बजेट कार्यान्वयनको नियमित अनुगमन, मूल्याङ्कन गर्ने।
- मासिक/द्वैमासिक रुपमा मन्त्रालय र मातहतको प्रगति समीक्षा गर्ने।
- तोकिएको समय (चैत्र १५ भित्र) मा खर्च नहुने सम्पूर्ण बजेट समर्पण गर्ने।
- आयोजनाको निर्माणकार्य जेठ मसान्तसम्म हुने गरी खरिद योजना कार्यान्वयनमा जोड दिने।
- प्रगति समीक्षामा तथा बेला बेला भएका निर्देशन तथा परिपत्रको कार्यान्वयन गर्ने गराउने आदि।
- बेरुजु न्यूनिकरण र बेरुजु फछ्र्यौटका लागि पहल गर्ने।
- आयोजनाको निर्माण सम्पन्न भएको पाँच वर्षसम्म निर्माण व्यवसायीले नै मर्मतसम्भार गर्नुपर्ने परिपाटीको विकास गर्ने।

## ९.४ सार्वजनिक सेवा प्रवाह प्रभावकारी बनाउनः

- वार्षिक बजेट, नीति तथा कार्यक्रमले निर्धारण गरेका लक्ष्य प्राप्तिको लागी कार्यान्वयन गर्न आवश्यक जनशक्तिको व्यवस्थापन गर्नुपर्ने।
- कार्यालय र दरबन्दी संख्यालाई छरितो बनाउन र सूचना प्रवधिको प्रयोग गरी समय/लागत घटाउन पहल गर्नुपर्ने।
- प्रदेशको चालु तथा प्रशासनिक खर्च वृद्धि भईरहेको हुँदा मन्त्रालय एवम् कार्यालयहरुबाट सम्पादन हुन सक्ने कार्यको लागि छुट्टै स्वायत्त संस्था, बोर्ड, आयोग, समिति गठन वा अन्य कुनै संरचना स्थापना नगर्ने।

- प्रदेश अन्तरगतका जनशक्तिबाट सम्पादन हुन सक्ने कार्यको लागि सेवा परामर्शमा खर्च नगर्ने।
- क्षेत्रगत कार्यक्रम कार्यान्वयनको लागी विषयगत मन्त्रालयहरुसँगको समन्वय र सहकार्यलाई अझ प्रभावकारी बनाउनुपर्ने
- अनुगमन र मुल्याङ्कनलाई विकास मापनको प्राथमिकतामा राखी अनुगमन संयन्त्रको विकास गरी नियमित र प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्ने।
- मातहतका कार्यालय नभएका र प्राविधिक जनशक्ति आवश्यक पर्ने मन्त्रालय/निकायको कार्यक्रम प्रभावकारी कार्यान्वयका लागि अन्तर निकाय समन्वय गर्नुपर्ने।
- आयोजना/कार्यक्रम प्राथमिकीकरण र छनौट प्रणालीलाई व्यवस्थित र सहभागितामूलक बनाउन यस सम्बन्धी कार्यविधि तर्जुमा गरी जिल्ला/निर्वाचनक्षेत्रस्तरीय योजना तर्जुमा गोष्ठी सञ्चालन गरिने।
- सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका तत्कालै जारी गर्ने।
- सडक क्षेत्रमा परेका रुख कटानकालागि नेपाल सरकारबाट प्रदेश सरकारमा अधिकार प्रत्यायोजित हुनुपर्ने।
- अन्तर निकाय समन्वयका लागि अन्तर निकाय, अन्तर मन्त्रालय नियमित समन्वय बैठक गरी सहजीकरण गर्नु पर्ने।
- प्रदेश सरकारलाई आवश्यक ऐन तथा कानूनहरु द्रुत गतिमा तर्जुमा गर्ने।
- प्रदेश सरकारका मन्त्रालय तथा निकायहरुको नयाँ O & M लाई अन्तिम रुप दिने।
- क्यालेण्डर बनाइ सेवा प्रवाह र विकास निर्माण कार्यको अनुगमनलाई तीव्रता दिने
- अन्तर मन्त्रालय तथा निकायहरु बीचको समन्वयलाई प्रभावकारी बनाउने।
- सवारी साधन, फर्निचर र मेशिनरी औजारमा अति आवश्यक बाहेकमा खरिद नगर्ने।
- पुराना सवारी साधन, मेशिनरी, फर्निचर लगायतका सामाग्रीको लिलाम प्रक्रिया अगाडि बढाउने।

### ९.५ सूचना प्रविधिको उपयोग, विकास

- डिजिटल प्रदेशको अवधारणा कार्यान्वयन गर्न प्रणालीहरुको Integration मा समन्वय गर्ने।
- सवारी साधन कर संकलनको लागि online service and payment system बनाउन पहल गर्नुपर्ने।
- प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) को स्तरोन्नति, क्षमता विकास र सेक्युरेटी अडिट गर्नुपर्ने।
- प्रदेशको एकीकृत सम्पत्ति विवरण तयार गर्न Public Asset Management System (PAMS) को प्रयोगलाई प्रभावकारी बनाउने ।
- स्थानीय तहमा बजेट व्यवस्थापनका लागि प्रयोगमा रहेको Sub-National Treasury Regulatory Application (SuTRA) र प्रदेशले प्रयोग गर्ने प्रणाली बीच Application Programming Interface(API) विकास गर्ने ।
- राजस्व, बजेट एवम् लेखांकन सम्बन्धी सूचना प्रणालीहरुबीच एक अर्कासँग आवद्धता कायम गर्ने।
- बजेट तर्जुमा गर्दा तयार गरिने वार्षिक खरिद योजनालाई Public Procurement Monitoring Office (PPMO) को विद्युतीय सरकारी खरिद प्रणाली (e-GP) सँग आवद्धता गर्न पहल गर्ने।

- प्रदेशका सबै कार्यालयमा प्रयोग हुने समान प्रकृतिका सामग्री खरिदमा एकरुपता कायम गर्न, सामग्रीको गुणस्तर सुनिश्चित गर्न र खरिद कार्यलाई सहजीकरण गर्नका लागि त्यस्ता सामग्रीहरुको Specification Bank तयार गर्ने ।
- यथार्थपरक र कार्यान्वयन योग्य आयोजना र कार्यक्रम तयार गर्न र परियोजना सञ्चालनमा देखा पर्ने cost overrun, time overrun र resource overrun जस्ता समस्या न्यूनीकरण गर्नका लागि Project Management सम्बन्धी Software प्रणाली प्रयोगमा ल्याउने र कर्मचारीहरुलाई Project Management तथा सो प्रणालीको प्रयोग सम्बन्धी तालिम प्रदान गर्ने ।
- प्रदेशको बजेट, लेखांकन तथा प्रतिवेदनको लागि Database तयार गर्नुपर्ने वा प्रयोगमा रहेको प्रणालीहरुमा उच्चतहको पहुँच प्राप्त गर्ने।
- प्रदेशको सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित सबै सूचना प्रणालीहरु एकीकृत गर्ने ।

## अनुसूची -१

## २०७९ पौष मसान्तसम्मको मन्त्रालयगत चालु र पूँजीगत खर्चको विवरण

आ.व.२०७९/८० (रकम रु. लाखमा)

| मन्त्रालय/निकाय | बार्षिक बजेट | अर्धवार्षिक खर्च | प्रतिशत |
|---|---|---|---|
| **२०२ - प्रदेश व्यवस्थापिका** | **२४८८.३५** | **५७८.५४** | **२३.२५%** |
| चालु | २३७४.३५ | ५२३.६७ | २०.०६% |
| पूँजीगत | ११४.०० | ५४.८७ | ४८.१३% |
| **२१० - प्रदेश लोकसेवा आयोग** | **९००.००** | **२६९.२१** | **२९.९१%** |
| चालु | ८२१.०० | २५५.४६ | ३१.१२% |
| पूँजीगत | ७९.०० | १३.७५ | १७.४१% |
| **२१६ - मुख्य न्यायाधिवक्ताको कार्यालय** | **१९५.००** | ४४.२६ | **२२.७%** |
| चालु | १८९.५० | ४३.७८ | २३.१% |
| पूँजीगत | ५.५० | ४८.०० | ८.७३% |
| **३०१ - मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** | **७८४८.०८** | **१०५०.४५** | **१३.३८%** |
| चालु | ७१०७.१९ | ९५१.६२ | १३.३९% |
| पूँजीगत | ७४०.८९ | ९८.८३ | १३.३४% |
| **३०५ - आर्थिक मामिला तथा योजना मन्त्रालय** | **१६९०८.३६** | **१५११८.८६** | **८९.४२%** |
| चालु | १६६४९.८१ | १५०८४.३३ | ९०.६% |
| पूँजीगत | २५८.५५ | ३४.५२ | १३.३५% |
| **३०७ - उद्योग, श्रम तथा रोजगार मन्त्रालय** | **४६९२.५४** | **१०७३.६३** | **२२.८८%** |
| चालु | ३८५१.९४ | ९७५.६८ | २५.३३% |
| पूँजीगत | ८४०.६० | ९७.९४ | ११.६५% |
| **३१२ - कृषि मन्त्रालय** | **२२६०८.५०** | **३०९०.९९** | **१३.६७%** |
| चालु | २०९३३.८४ | २६४०.७५ | १२.६१% |
| पूँजीगत | १६७४.६६ | ४५०.२४ | २६.८९% |
| **३१३ – खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय** | **६३०८६.०७** | **१४२९४.६२** | **२२.६६%** |
| चालु | ४२३१.९२ | १८७२.९८ | ४४.२६% |
| पूँजीगत | ५८८५४.१५ | १२४२१.६५ | २१.११% |
| **३१४ - आन्तरिक मामिला तथा कानून मन्त्रालय** | **६७३७.०३** | **५२६.४३** | **७.७९%** |
| चालु | ४१७१.०३ | ३३१.९३ | ७.९२% |
| पूँजीगत | २५६६.०० | १९४.५१ | ७.५८% |
| **३२५ – पर्यटन तथा संस्कृति मन्त्रालय** | **११९७६.५०** | **१४०२.४४** | **१२.५५%** |
| चालु | १२९९.८९ | २५९.७२ | १९.९८% |
| पूँजीगत | ९८७६.६१ | ११४२.७२ | ११.५७% |
| **३२९ - वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय** | **१८२३०.५४** | **५०७१.०६** | **२७.८२%** |
| चालु | १००५८.२२ | ४११२.५६ | ४०.८९% |
| पूँजीगत | ८१७२.३२ | ९५८.५० | ११.७३% |
| **३३६ - भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय** | **२५६०.९९** | **३०४.२७** | **११.८८%** |

| मन्त्रालय/निकाय | बार्षिक बजेट | अर्धवार्षिक खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | २४३९.९९ | २८४.१० | ११.६४% |
| पूँजीगत | १२१.०० | २०.१७ | १६.६७% |
| **३३७ - सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय** | **१४००७०.७१** | **२८९१८.००** | **२०.६५%** |
| चालु | ३५३०.६४ | ११२६.३६ | ३१.९% |
| पूँजीगत | १३६५४०.०७ | २७७९१.६५ | २०.३५% |
| **३५० - सामाजिक विकास मन्त्रालय** | **१७४३३.०४** | **३३९९.९२** | **१९.५%** |
| चालु | १५३६०.०४ | ३०६०.३२ | १९.९२% |
| पूँजीगत | २०७३.०० | ३३९.६० | १६.३८% |
| **३५८ - यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय** | **३०५०.००** | **९५६.३०** | **३१.३५%** |
| चालु | २६१२.०० | ८९७.८५ | ३४.३७% |
| पूँजीगत | ३४८.०० | ५८.४५ | १३.३५% |
| **३७० - स्वास्थ्य मन्त्रालय** | **३५६०९.०७** | **८७७०.५५** | **२४.६३%** |
| चालु | २९५१७.७७ | ८१३४.४४ | २७.५६% |
| पूँजीगत | ६०९१.३० | ६३६.११ | १०.४४% |
| **३९१ - प्रदेश योजना आयोग** | **५०६.८८** | **११७.२३** | **२३.१३%** |
| चालु | ४७८.८८ | ११४.८६ | २३.९८% |
| पूँजीगत | २८.०० | २.३८ | ८.४९% |
| **अर्थ – विविध** | **६८११.३२** | - | - |
| चालु | ५२९१.३२ | - | - |
| पूँजीगत | १५२०.०० | - | - |
| **८०१ - स्थानीय तह** | **३६४७०.००** | **१३८९७.१४** | **३८.११%** |
| अन्तर सरकारी वित्त हस्तान्तरण (चालु) | ३६४७०.०० | १३८९७.१४ | ३८.११% |
| **जम्मा** | ३९७३८३.०० | ९८८८३.९० | २४.८८% |

## अनुसूची -२

## आ.व.२०७९/८० को पौष मसान्तसम्म अर्थ विविध (६०२)को विनियोजनबाट भएको

## रकमान्तर तथा बजेट निकासा विवरण

रु.लाखमा

| सि.नं. | विवरण | निकासा रकम |
|---|---|---|
| १. | तलब भत्ता एवम् प्रशासनिक खर्चको अपुगका लागि थप निकासा | १९.९४ |
| २. | नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको प्रदेशस्तरीय तयारी तथा व्यवस्थापनको लागि थप निकासा | ८२० |
| ३. | प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयानुसार आर्थिक सहायता एवम् उपचार खर्च | ८.९३ |
| ४. | सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय अन्तरगतका कार्यालयहरुबाट सञ्चालित बहुवर्षीय आयोजनाहरुको सिर्जित दायित्व भुक्तानी गर्न थप निकासा। | ११२१८.६५ |
| ५. | खानेपानी सिंचाई तथा उर्जा मन्त्रालय अन्तरगतका कार्यालयहरुबाट सञ्चालित क्रमागत आयोजनाहरुको सिर्जित दायित्व भुक्तानीमा थप निकासा। | ३५०० |
| ६. | गत आ.व.को बचत संघ अनुदान फिर्ताका लागि अर्थ विविधबाट रकमान्तर गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा अख्तियारी थप/निकासा | १५००० |
| ७. | स्थानीय तह अनुदानमा विनियोजित रकम बाँडफाट गरी विभिन्न १४८ वटा आयोजना/कार्यक्रम कार्यान्वयन गर्न ६७ वटा स्थानीय तहहरुमा सशर्त अनुदानको रुपमा वित्तीय हस्तान्तरण/निकासा गरिएको। | २००० |
| **जम्मा** | | **३२५६७.५२** |

## अनुसूची -३

## संघ सशर्त अनुदान फिर्ता भएको विवरण

**(संघको LMBIS मा बजेट घटेको विवरणका आधारमा)**

(रु.लाखमा)

| सि.नं. | कार्यक्रमको नाम | PLMBIS को ब.उ.शी.नं. | संघमा फिर्ता रकम |
|---|---|---|---|
| १. | नदी नियन्त्रण | ३१३९११२३ | १२१८ |
| २. | एकीकृत उर्जा तथा सिंचाई विशेष कार्यक्रम | ३१३९११२८ | ५१० |
| ३. | सघन शहरी विकास कार्यक्रम | ३३७९११४६ | ३८७९ |
| ४. | वस्ती विकास कार्यक्रम | ३३७९११४२ | ३६०० |
| ५. | वैकल्पिक सहायक राजमार्ग | ३३७९११४४ | ११००० |
| ६. | खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम | ३१३९११३१ | १४६०.६० |
| जम्मा | | | २१६६७.६० |

नेपाल सरकार
# अर्थ मन्त्रालय
बजेट तथा कार्यक्रम महाशाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:- बजेट प्रशासन २०७९/८०
च. नं.:- 225

मिति: २०७९/०७/१५

**विषय: परिपत्र सम्बन्धमा।**

श्री आर्थिक मामिला तथा योजना मन्त्रालय,
प्रदेश नम्बर १, विराटनगर।

नेपाल सरकार, मन्त्रिपरिषद्बाट प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएका तपसील बमोजिमको कार्यक्रम/आयोजनाहरु प्रदेश तथा स्थानीय तहको समन्वयमा सम्बन्धित संघीय आयोजना कार्यालयबाट कार्यान्वयन गर्ने गरी संघीय कार्यक्रम/आयोजनाहरुमा समावेश गर्ने निर्णय भएको हुँदा उक्त कार्यक्रम/आयोजनाहरु प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन नगर्नु/नगराउनुहुन लेखि पठाउने मिति २०७९/०७/१४ को (माननीय मन्त्रीस्तर) निर्णयानुसार अनुरोध छ।

**तपसील**

| सि. नं. | मन्त्रालय | ब.उ.शि.नं. | कार्यक्रम | नेपाल सरकार म.प.को निर्णय भएको मिति |
|---|---|---|---|---|
| १. | खानेपानी मन्त्रालय | ३१३०११०२ | • खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम | २०७९/६/७ |
| २. | शहरी विकास मन्त्रालय | ३४७०११०३<br>३४७०१११४ | • सघन शहरी विकास कार्यक्रम<br>• बस्ती विकास कार्यक्रम | २०७९/५/३१ |
| ३. | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | ३०८०३१०६<br>३०८०३१२७ | • नदी नियन्त्रण<br>• एकिकृत उर्जा तथा सिंचाई विशेष कार्यक्रम | २०७९/५/३१ |
| ४. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ३३७०११६९ | • वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम | २०७९/४/२६ |

२०७९/०७/१५
(मनोज गिरी)
शाखा अधिकृत

**बोधार्थ:**
श्री खानेपानी मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री शहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं।

टेलिफोन नं.:- बजेट म. [illegible], प्रशासन म. [illegible], राजस्व व्य.म. [illegible], अ.आ.स.स.म. [illegible]
आ.नि.वि.म. [illegible], योजना, अनुगमन तथा मू.म. [illegible], कानून तथा फैसला का.म. [illegible], वि.सं.व्य. तथा स.स.म. [illegible], वि.ह.म. [illegible]
फ्याक्स नं. [illegible] (बजेट म.), [illegible] (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं.१

विराटनगर

फोन नं. [illegible]

प.सं. : ०७९/०८०

च.नं. : ५१४

मिति : २०७९/०८/२८

विषय:- परिपत्र सम्बन्धमा।

श्री सबै मन्त्रालय/सचिवालय/आयोग/कार्यालयहरु

प्रदेश नं.१।

प्रस्तुत विषयमा चालु आ.व.२०७९/८० को वार्षिक योजना तथा कार्यक्रमहरुको सन्दर्भमा अर्को सुचना नभएसम्म प्रदेश सरकार, मन्त्रालय र मातहत निकायबाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा नपरेका, गैरबजेटरी प्रकृतिका खर्च, अवण्डा बजेटबाट बाँडफाँट गरी सञ्चालन गरिने योजना र कार्यक्रम, रकमान्तर र कन्टिनजेन्सी रकमबाट खर्च हुने गरी कुनै कार्यक्रम तथा आयोजनामा खर्च नगर्न नगराउन हुन आदेशानुसार अनुरोध छ ।

२०७९/०८/२८

शिव कुमार कार्की

प्रदेश सचिव

प्रदेशसचिव

बोधार्थ:

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं.१, विराटनगर ।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं.१, विराटनगर।

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं. १

विराटनगर

फोन नं. [illegible]

प.सं. २०७९/०८०

च.नं. : ४६९

मिति : २०७९/०९/१७

विषय:- परिपत्र सम्बन्धमा।

श्री सबै मन्त्रालय/सचिवालय/आयोग/कार्यालयहरु

प्रदेश नं.१।

प्रस्तुत विषयमा वार्षिक योजना तथा कार्यक्रमहरुको स्वीकृत गर्ने, ठेक्का लगाउने वा खरिद प्रक्रिया अघि बढाउने विषयलाई व्यवस्थित गर्न प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ मा विभिन्न व्यवस्था गरिएको छ। तथापि केही समय यता आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमति नलिई विनियोजित बजेट भन्दा बढी रकमको खरिद प्रक्रिया अघि बढाउने प्रवृत्ति देखिएकोले यस मन्त्रालयको ध्यानाकर्षण भएको छ। आर्थिक मामिला तथा योजना मन्त्रालयको स्रोत सहमति प्राप्त नगरी विनियोजित बजेट भन्दा बढीको दायित्व सिर्जना हुने गरी खरिद प्रक्रिया अघि नबढाउन सबै मन्त्रालय, निकाय र कार्यालयहरुलाई परिपत्र गर्ने भनी यस मन्त्रालय (माननीय मन्त्रीस्तर)बाट मिति २०७९/०९/१३ मा निर्णय भएको व्यहोरा अनुरोध छ।

बोधार्थ:

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं.१, विराटनगर ।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं.१, विराटनगर।

विदुर पौडेल

शाखा अधिकृत

शाखा अधिकृत

अधिकृतस्तर (सातौं)

website : www.moeap.p1.gov.np E-mail: moeap.s1@gmail.com

# प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
## प्रदेश नं.१, बिराटनगर

पत्र संख्या :-०७९/०८०
च.नं. :- ५४४

मिति :-२०७९/१०/२४

विषय:- खर्च कटौती सम्बन्धमा।

श्री मन्त्रालय/सचिवालय/आयोग (सबै)
प्रदेश नं.१

प्रस्तुत चालु आर्थिक वर्षमा कोभिड १९ लगायत विविध कारणबाट विश्व अर्थतन्त्रमा परेको प्रतिकूल परिस्थितिको फलस्वरूप राष्ट्रिय आर्थिक गतिविधीमा समेत संकुचन आएको हुँदा नेपाल सरकारले सरकारी खर्चमा मितव्ययिता कायम गरी सरकारको वित्त सन्तुलन कायम राख्न प्रदेश र स्थानीय तहलाई समेत चालु खर्च तर्फका खर्चमा अनिवार्य दायित्व बाहेक न्यूनतम २० प्रतिशत खर्च कटौती गर्न अनुरोध गरी मिति २०७९/१०/१७ मा प्रेस विज्ञप्ति जारी गरेको छ। यस परिप्रेक्ष्यमा प्रदेश सरकारले चालु आर्थिक वर्षमा आन्तरिक राजस्व तथा संघीय सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम लक्ष्य बमोजिम प्राप्त हुन नसक्ने अवस्था आएको साथै संघीय सरकारको संचित कोषको अवस्था ऋणात्मक भएको देखिएको कारण तोकिए बमोजिम अनुदानको रकम समेत प्राप्त गर्न कठिनाई हुने अवस्था सूचना भएको हुँदा प्रदेश विनियोजन ऐन, २०७९ बमोजिम प्रदेश सञ्चित कोष माथि व्ययभार हुने रकम बाहेक अन्य विनियोजित खर्चमा मितव्ययिता कायम गरी प्रदेश सरकारको सार्वजनिक वित्तमा सन्तुलन कायम राख्न प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७९/१०/२२ को निर्णय तथा माननीय (मुख्यमन्त्री तथा आर्थिक मामिला तथा योजना मन्त्रीस्तर) को मिति २०७९/१०/२३ को निर्णयानुसार देहाय बमोजिमको निर्णयहरु भएकाले सो को आवश्यक कार्यान्वयनका लागि मातहतका कार्यालय तथा निकायमा समेत पत्राचार गर्नुहुन आदेशानुसार सादर अनुरोध छ।

१. प्रदेश सरकारका सबै मन्त्रालय/निकायको विनियोजित बजेट भित्रका मसलन्द तथा कार्यालय सामान, पत्रपत्रिका, इन्धन, मर्मत सम्भार, छपाई तथा सूचना प्रकाशन, सेवा परामर्श, सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च, भ्रमण, अन्य भत्ता, कार्यक्रम खर्च, प्रदेश सरकार स्रोततर्फका सबै प्रकारका कर्मचारी तालिम, गोष्ठि, सेमिनार र कार्यशाला र विविध खर्चमा खर्च भै बाँकी रहेको मध्ये २५ प्रतिशत कटौती गर्ने।

शाखा अधिकृत
अधिकृतस्तर (सातौं)

# प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
## प्रदेश नं.१, बिराटनगर

२. चालु आ.व. मा स्वीकृत बजेट तथा कार्यक्रम भित्र परेका तर खरिद प्रक्रिया शुरु नभएका आयोजना तथा कार्यक्रमहरु (क्रमागत र बहुवर्षीय आयोजना तथा कार्यक्रम बाहेक) को आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा मात्र खरिद प्रक्रिया अगाडी बढाउने।

३. आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति नलिई कुनै पनि निकायले यस आ.व. मा थप आर्थिक दायित्व सृजना हुने गरी नयाँ दरबन्दी सिर्जना लगायतका कुनै निर्णय नगर्ने।

४. आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति नलिई प्रदेश सरकारबाट निर्णय भए बाहेक कुनै पनि आर्थिक सहायता र कुनै प्रकारको अनुदान प्रदान नगर्ने।

५. कार्यक्रम खर्चमा विनियोजन भएको तर सुरुवात नभएका नगरी नहुने अनिवार्य बाहेकका कार्यक्रम नगर्ने।

६. प्रदेश सरकार (मन्त्रिपरिषद्) को प्रथम बैठकबाट मन्त्रालयहरुको संख्या कटौती भएको परिप्रेक्ष्यमा थप फर्निचर तथा नयाँ सवारी साधन खरिद नगरी कटौती भएका मन्त्रालयबाट प्राप्त गरी प्रयोग गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने।

७. स्वीकृत आर्थिक कार्यक्रममा समावेश भएका बाहेक सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन (DPR) नगर्ने।

८. उपरोक्त निर्णय प्रदेश सरकार मातहतका सबै मन्त्रालय/निकाय/प्रतिष्ठान/बोर्डमा लागु हुने।

विष्णुकुमार थेबुवा
शाखा अधिकृत
शाखा अधिकृत
अधिकृतस्तर (सातौं)